# लेखापरीक्षण प्रतिवेदन

# ताजाकोट गाउँपालिका, हुम्ला

आर्थिक वर्ष २०८१/८२



## महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

# लेखापरीक्षण प्रतिवेदन

## ताजाकोट गाउँपालिका, हुम्ला

आर्थिक वर्ष २०८१/८२

## महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

## दूरदृष्टि (VISION)

**जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्धन गर्ने विश्वसनीय सार्वजनिक संस्था**

*(Be a Credible Public Institution in Promoting Accountability, Transparency and Integrity)*

## गन्तव्य (MISSION)

**स्वतन्त्र एवम् गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने**

*(Provide Independent and Quality Audit Service)*

## मूल्य मान्यता (Core Values)

| | |
|---|---|
| स्वतन्त्रता | *(Independence)* |
| निष्ठा | *(Integrity)* |
| पारदर्शिता | *(Transparency)* |
| जवाफदेहिता | *(Accountability)* |
| व्यावसायिकता | *(Professionalism)* |

# महालेखापरीक्षकको भनाइ



नेपालको संविधानको धारा २४१ मा सङ्घ, प्रदेश र स्थानीय तहको लेखा कानुन बमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्यसमेतको विचार गरी महालेखापरीक्षकबाट लेखापरीक्षण हुने व्यवस्था छ। लेखापरीक्षण ऐन, २०७५ को दफा २० को उपदफा २ मा महालेखापरीक्षकले प्रत्येक स्थानीय तहको लेखापरीक्षण सम्पन्न गरी अलग अलग लेखापरीक्षण प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ। लेखापरीक्षण गर्दा लेखापरीक्षण ऐन, २०७५, नेपाल सरकारी लेखापरीक्षणमान, लेखापरीक्षण मार्गदर्शन, स्थानीय तह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र स्थानीय तहसँग सम्बन्धित ऐन, नियमलाई आधार लिइएको छ। सोहीबमोजिम स्थानीय तहको २०८१।८२ को लेखापरीक्षण सम्पन्न गर्दा देखिएका बेहोरा उल्लेख गरी प्रारम्भिक प्रतिवेदन जारी गरिएकोमा सो उपर प्राप्त प्रतिक्रियासमेत सम्बोधन गरी राय सहितको प्रतिवेदन जारी गरिएको छ।

वित्तीय विवरणको शुद्धता, प्रचलित कानुनको परिपालना, राजस्व प्रक्षेपण तथा बजेट निर्माण, योजना तर्जुमा एवं कार्यक्रम कार्यान्वयन, खरिद व्यवस्थापन तथा विकास निर्माण, सार्वजनिक सेवा प्रवाह, आन्तरिक नियन्त्रण प्रणाली, आन्तरिक आय परिचालन, जनशक्ति व्यवस्थापन, जिम्मेवारी एवं जवाफदेहितालगायतका विषयहरूको अध्ययन, विश्लेषण तथा मूल्याङ्कन गर्नुका साथै स्रोत साधनको प्राप्ति, उपयोग एवं परिचालन सन्दर्भमा मितव्ययिता, कार्यदक्षता र प्रभावकारिता समेतलाई दृष्टिगत गर्दै कार्यान्वयनयोग्य सुझाव प्रदान गरी सुशासन कायम गर्न सहयोग गर्नु लेखापरीक्षणको उद्देश्य रहेको छ।

सबै स्थानीय तहको स्थलगतरूपमा लेखापरीक्षण सम्पन्न गरी लेखापरीक्षणको क्रममा देखिएका बेहोरा उपर स्थानीय तहका पदाधिकारी तथा जिम्मेवार कर्मचारीहरूसँग छलफलसमेत गरिएको छ।

यस वर्ष सामान्यतया स्थानीय तहमा कार्यसम्पादनका लागि आवश्यक कानुन निर्माण पूर्ण रूपमा नभएको, विद्यमान कानुनको पूर्ण परिपालना हुन नसकेको, बजेट अनुशासन कमजोर रहेको, आन्तरिक आय न्यून रहेको, करदाताको अभिलेख व्यवस्थित नभएको, आन्तरिक आयलाई व्यवस्थित गर्न नसकिएको, प्रशासनिक खर्चमा वृद्धि हुँदै गएको, योजनालाई खण्डीकृत गरी कार्य गर्ने गरेको, वर्षान्तको खर्च उच्च रहेको, आयोजनाको प्राथमिकीकरण गरेर बजेट विनियोजन नभएको, निर्माणको सुनिश्चितता नभएका आयोजनाहरूको समेत विस्तृत आयोजना प्रतिवेदन तयार गरिएको, जटिल प्रकृतिका कार्यहरूसमेत उपभोक्ता समितिबाट गराएको, जनशक्ति व्यवस्थापन हुन नसक्दा सेवा प्रवाह प्रभावकारी हुन नसकेको, स्वीकृत दरबन्दी बेगरका कर्मचारीसमेत करारमा नियुक्ति गरेको, सार्वजनिक सम्पत्तिको अभिलेख तथा संरक्षण र उपयोग प्रभावकारी रूपमा हुन नसकेकोले आन्तरिक नियन्त्रण र लेखाङ्कन तथा प्रतिवेदन एवं बेरुजु फर्स्यौटमा सुधार गर्नुपर्ने लगायतका बेहोरा देखिएका छन्।

लेखापरीक्षणबाट उल्लेख गरेका बेहोराको समयमा नै फर्स्यौट तथा सुझावहरूको कार्यान्वयनबाट वित्तीय अनुशासनमा अपेक्षित सुधार गरेर स्थानीयतहबाट हुने विकास निर्माण तथा समग्र कार्यसम्पादन र सेवा प्रवाहलाई प्रभावकारी बनाउनुपर्दछ।

अन्तमा, स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुऱ्याउने पदाधिकारी तथा कर्मचारी लगायत सबै सरोकारवाला प्रति आभार व्यक्त गर्दछु। साथै लेखापरीक्षण कार्यमा संलग्न कर्मचारीहरूमा समेत विशेष धन्यवाद व्यक्त गर्दछु।

**(तोयम राया)**

**२०८३ वैशाख** **महालेखापरीक्षक**

**महालेखापरीक्षकको कार्यालय**

**Office of the Auditor General**

**प्रादेशिक लेखापरीक्षण महानिर्देशनालय, कर्णाली प्रदेश**

**काठमाडौं**

प.सं.:2082/83 मिति : २०८३-१-२९

च.न :APPROVED/FAR/2081-82/LOC/378

श्रीमान् अध्यक्षज्यू,

ताजाकोट गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय,

हुम्ला ।

**विषय - लेखापरीक्षण प्रतिवेदन सम्बन्धमा ।**

लेखापरीक्षण ऐन, २०७५ को दफा २० को उपदफा (२) बमोजिम त्यस पालिकाको आर्थिक वर्ष २०८१।८२ को लेखापरीक्षण सम्पन्न गरी तयार गरिएको लेखापरीक्षण प्रतिवेदन यसैसाथ संलग्न गरी पठाइएको व्यहोरा जानकारीका लागि अनुरोध छ।

( टिकाराम श्रेष्ठ )

नायब महालेखापरीक्षक

**महालेखापरीक्षकको कार्यालय**
**Office of the Auditor General**
**प्रादेशिक लेखापरीक्षण महानिर्देशनालय, कर्णाली प्रदेश**
**काठमाडौं**

प.सं.:2082/83 मिति : २०८३-१-२९
च.न :APPROVED/FAR/2081-82/LOC/378

श्रीमान् अध्यक्षज्यू,

ताजाकोट गाउँपालिका, गाउँकार्यपालिकाको कार्यालय

हुम्ला।

**विषयः लेखापरीक्षण प्रतिवेदन।**

**१. कैफियतसहितको राय**
हामीले त्यस गाउँपालिकाको आर्थिक वर्ष २०८१।८२ को प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन, बजेट तुलनात्मक विवरण, स्थानीय संचित कोषको वार्षिक आर्थिक विवरण र त्यससँग सम्बन्धित लेखानीति तथा टिप्पणीहरू समावेश भएको एकीकृत वित्तीय विवरणको लेखापरीक्षण गरी रायसहितको प्रतिवेदन पेस गरेका छौं।
हाम्रो रायमा, यस प्रतिवेदनको कैफियतसहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक, पेस भएको २०८२ आषाढ मसान्तमा समाप्त भएको आर्थिक वर्ष २०८१।८२ को प्राप्ति र भुक्तानीको एकीकृत एवं वार्षिक प्रतिवेदन, बजेटको तुलनात्मक विवरण, स्थानीय सञ्चित कोषको वार्षिक आर्थिक विवरण त्यससँग सम्बन्धित लेखानीति तथा टिप्पणीहरूसमावेश भएको स्थानीय तहको एकीकृत वित्तीय विवरणले नेपाल सार्वजनिक क्षेत्र लेखामान (नगदमा आधारित) र आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन तथा प्रचलित कानुनबमोजिम सारभूत रूपमा सही र यथार्थ अवस्था चित्रण गर्दछ।

**२. कैफियतसहितको राय व्यक्त गर्ने आधार**
२.१. गाउँपालिकाले अन्तरसरकारी अख्तियारी, आन्तरिक आय तथा विविध कोष लगायतको वित्तीय विवरण महालेखापरीक्षकबाट स्वीकृत नेपाल सार्वजनिक क्षेत्र लेखामानको ढाँचा पूर्ण रूपमा प्रयोग गरी वित्तीय विवरण तयार गरेको छैन।


२.२. गाउँपालिकाको आय र व्यय तर्फ रु.७७ करोड ६९ लाख ६६ हजारको लेखापरीक्षणबाट रु.१ करोड ७८ लाख ८१ हजार बेरुजु देखिएकोमा प्रतिक्रियाबाट रू.१ करोड १२ लाख ८३ हजार फस्यौंट भई असुल गर्नुपर्ने रू.१६ लाख ५६ हजार, प्रमाण कागजात पेस गर्नुपर्ने रू.३२ लाख ३५ हजार र नियमित गर्नुपर्ने रू.१७ लाख ६ हजार गरी जम्मा रु.६५ लाख ९७ हजार बाँकी रहेको छ। गत वर्षसम्म कायम बेरुजु रू.२० करोड २४ लाख ८५ रहेकोमा यस वर्ष फस्यौंट नभई हालसम्मको अद्यावधिक बेरुजु रू. २० करोड ९० लाख ८२ हजाररहेको छ। बेरुजु वर्गीकरण, अद्यावधिक बेरुजु स्थिति र बेरुजु सम्परीक्षणको बेहोरा यसैसाथ संलग्न छ।

२.३. आम्दानी तथा खर्चको स्रेस्ता नगदमा आधारित लेखा प्रणाली अवलम्बन गरेकोले गाउँपालिकाको पेस्की बाहेक सम्पत्ति तथा दायित्व यकिन हुने कुनै जानकारी खुलाएको छैन। हाम्रो लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेका सरकारी लेखापरीक्षण मानदण्ड,मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुनबमोजिम गरिएको छ। वित्तीय विवरण तयार गर्ने स्थानीय तहसँग हामी स्वतन्त्र छौं। त्यसैगरी स्वीकृत आचारसंहिताको पालना गरी कार्यसम्पादन गरेका छौं। लेखापरीक्षणको क्रममा प्राप्त गरेका लेखापरीक्षण प्रमाणहरू हाम्रो राय व्यक्त गर्ने आधारका लागि पर्याप्त र उपयुक्त छन् भन्ने कुरामा कार्यालय विश्वस्त छ।

**३. अन्य बेहोरा-** लेखापरीक्षणबाट ऐन नियमको परिपालना, आन्तरिक नियन्त्रण व्यवस्था, स्थानीय वित्त व्यवस्थापन,सम्पत्तिको संरक्षण, स्रोत साधनको प्राप्ति र उपयोग, शासकीय प्रवन्ध, स्रोत सुनिश्चितता र बजेट व्यवस्थापन र विकास प्रशासन र सोको कार्यान्वयन, अनुदान वितरण तथा अनुगमन, सेवा प्रवाह, स्थानीय प्रशासन, जवाफदेहिता र सुशासन लगायतका विषयमा सुधार गर्नुपर्ने देखिन्छ।

**४. वित्तीय विवरण उपर व्यवस्थापन र लेखा उत्तरदायी अधिकृतको जिम्मेवारी**
नेपाल सार्वजनिक क्षेत्र लेखामानबमोजिम सही र यथार्थ हुने गरी वित्तीय प्रतिवेदन तयार गर्ने तथा जालसाजी वा अन्य गल्तीका कारण वित्तीय प्रतिवेदन सारभूतरूपमा गलत आँकडारहित स्वरूपमा बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागू गर्ने जिम्मेवारी स्थानीय सरकारमा रहेको छ। गाउँ कार्यपालिका, अध्यक्ष र प्रमुख प्रशासकीय अधिकृत गाउँपालिकाको वित्तीय प्रतिवेदन प्रक्रियाको अनुगमनका लागि जिम्मेवार रहेका छन्।

**५. वित्तीय विवरणको लेखापरीक्षणउपर लेखापरीक्षकको जिम्मेवारी**
वित्तीय प्रतिवेदन समग्रमा जालसाजी वा त्रुटिका कारण सारभूतरूपमा गलत आकडारहित रहेको छ भनी यथोचित आश्वस्तता प्राप्त गरी रायसहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो। लेखापरीक्षणमा यथोचित आश्वस्तताले उच्च स्तरको आश्वस्तता प्रदान गरेको हुन्छ। लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेको नेपाल सरकारी लेखापरीक्षण मान, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुनबमोजिम लेखापरीक्षण कार्य सम्पादन गरिएको छ। यसरी लेखापरीक्षण गरिएको अवस्थामा समेत आन्तरिक नियन्त्रण र वित्तीय प्रतिवेदनको प्रकृति, लेखापरीक्षणका विधि तथा लेखापरीक्षण सम्पन्न गर्न लागेको समय जस्ता लेखापरीक्षणका अन्तर्निहित सीमाहरूका कारण वित्तीय विवरण वा आर्थिक कारोबारमा भएका सबै प्रकारका जालसाजी वा त्रुटि पत्ता लाग्न सक्ने निश्चितता हुँदैन। वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा फरक पार्ने अवस्था देखिएका जालसाजी वा त्रुटिका एक वा समग्र सूचनालाई सारभूत रूपमा गलत आकडा मानिएको छ।



( टिकाराम श्रेष्ठ )
नायब महालेखापरीक्षक

## बेरुजु वर्गीकरण

### चालु वर्षको बेरुजु

| प्रारम्भिक बेरुजु | | | प्रतिक्रियाबाट संपरीक्षण | | | प्रतिक्रियाबाट थप बेरुजु रकम | बाँकी बेरुजु | | | बेरुजु | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | | असुल गर्नु पर्ने | नियमित गर्नुपर्ने | | | | | पेस्की |
| दफा संख्या | | रकम | दफा संख्या | | रकम | | दफा संख्या | | रकम | असुल गर्नु पर्ने | अनियमित भएको | प्रमाण कागजात पेश नभएको | जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा | पेस्की |
| सैद्धान्तिक | लगती | | सैद्धान्तिक | लगती | | | सैद्धान्तिक | लगती | | | | | | | | |
| ६२ | ७६ | १,७८,८०,७९१ | ० | ६ | १,१२,८३,४५६ | ० | ६२ | ७० | ६५,९७,३३५ | १६,५६,६७६ | १७,०५,७४६ | ३२,३४,९१३ | ० | ० | ४९,४०,६५९ | ० |

### अद्यावधिक बेरुजू स्थिति

| जिल्ला | गत वर्ष सम्मको बाँकी | समायोजन | यो वर्ष संपरीक्षण | बाँकी बेरुजु | यो वर्ष सम्परीक्षणबाट कायम बेरुजु | यो वर्षको बेरुजु | कुल बेरुजु बाँकी |
|---|---|---|---|---|---|---|---|
| हुम्ला | २०,२४,८५,४०८ | ० | ० | २०,२४,८५,४०८ | ० | ६५,९७,३३५ | २०९०८२७४३ |

### बेरुजु सम्परीक्षणको विवरण

| क्र.सं | आर्थिक वर्ष | बेरुजुको दफा | बेरुजुको व्यहोरा | सम्परीक्षण भएको रकम |
|---|---|---|---|---|
| १ | २०८१/८२ | ५० | भर्पाई बेगर भुक्तानी । | ३४,२६० |
| २ | २०८१/८२ | ११ | फिर्ता गर्न बाँकी अनुदान | १,१२,३९,४२१ |
| ३ | २०८१/८२ | ४८ | प्रशिक्षक भत्ता | ९,७७५ |
| जम्मा | | | | १,१२,८३,४५६ |

# ताजाकोट गाउँपालिका, हुम्ला

# ( ८०६६४५०४३०० )

# ताँजाकोट गाउँपालिका , हुम्ला

# परिचय

१ **परिचय**

**(क) कार्यालय परिचय** - स्थानीय शासन पद्धति सुदृढ गरी विधायिकी, कार्यकारिणी र न्यायिक अभ्यास संस्थागत गर्दै स्थानीय सरकार सञ्चालन गर्न यस पालिकाको स्थापना भएको हो । स्थानीय सरकारले सञ्चालन गर्ने कार्यमा सहकारिता, सह–अस्तित्व र समन्वय प्रवर्द्धन गर्नु र स्थानीय सरकारका काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरिकलाई गुणस्तरीय सेवा प्रदान गर्नु पालिकाको उद्देश्य रहेको छ। यस पालिकामा ५ वडा रहेको छ भने क्षेत्रफल १८० वर्ग किलोमिटर तथा ६०९२ जनसंख्या रहेको छ।

**(ख) लेखापरीक्षणको उद्देश्य** - लेखापरीक्षण गरिने निकायको वित्तीय विवरण तथा कारोबारको परीक्षण गरी उचित आश्वस्तता (Reasonable Assurance) प्रदान गर्नु वित्तीय लेखापरीक्षणको उद्देश्य हो । यस कार्यालयको आर्थिक वर्ष २०८१/८२ को सबै प्रकारका आर्थिक कारोबारको परीक्षण एवं प्रचलित कानुनको परिपालनाको मूल्याङ्कन गरी प्रतिवेदन गर्नु लेखापरीक्षणको उद्देश्य रहेको छ।

**(ग) लेखापरीक्षणको क्षेत्र र अवधि** - यस कार्यालयको विनियोजन, राजस्व, धरौटी, कोष तथा अन्य आय-व्यय, मौज्दात हिसाब, वित्तीय व्यवस्थापन, कार्यक्रम सञ्चालन, जिन्सी व्यवस्थापन, जनशक्ति व्यवस्थापन तथा सेवा प्रवाह लगायत आर्थिक वर्ष २०८१/८२ मा सञ्चालित क्रियाकलापलाई लेखापरीक्षण क्षेत्रमा समावेश गरिएको छ । स्थलगत लेखापरीक्षणको अवधि २०८२।५।१२ देखि २०८२।५।16 सम्म रहेको छ ।

**(घ) लेखापरीक्षण विधि** - लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड तथा मार्गदर्शनमा नमुना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा कार्यालयले स्वीकृत गरेको जोखिममा आधारित लेखापरीक्षण योजनाका आधारमा निकायको आन्तरिक नियन्त्रणको परीक्षण तथा विश्लेषणात्मक र विस्तृत परीक्षण विधि अवलम्वनबाट लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । लेखापरीक्षण गर्दा देखिएका व्यहोरा सम्बन्धमा कार्यालय प्रमुख तथा लेखा प्रमुख लगायतका पदाधिकारीहरूसँग छलफल सम्पन्न गरी कायम भएका व्यहोराहरू यस प्रतिवेदनमा समावेश गरिएको छ ।

**(ङ) लेखापरीक्षणको सीमा** - लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड, २०७७ तथा मार्गदर्शनमा नमुना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा महालेखापरीक्षकको कार्यालयले नेपाल लेखापरीक्षण व्यवस्थापन प्रणाली (NAMS) अवलम्बन गरी स्वीकृत भएको जोखिममा आधारित लेखापरीक्षण योजना, लेखापरीक्षण गरिएको निकायबाट पेश भएका लेखा एवं सोसँग सम्बन्धित कागजात, विवरण, लिखित प्रतिनिधित्व पत्र, लेखापरीक्षण अनुबन्ध पत्र समेतको आधारमा लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । आम्दानी तथा खर्चलाई नतिजासँग तुलना गरी विश्लेषण गर्नका लागि पर्याप्त भौतिक एवं स्थलगत अवलोकन गर्न भौगोलिक कठिनाइ, समय सीमा, स्रोतको उपलब्धता, प्रमाणको प्रकृति तथा पहुँच जस्ता अन्तर्निहित जोखिमहरु सीमाको रुपमा रहेका छन् । सारभूत रूपमा उल्लेखनीय नदेखिएका व्यहोरालाई प्रतिवेदनमा समावेश गरिएको छैन ।

**(च) आर्थिक कारोबारको स्थिति** - पालिकाको आय - व्ययतर्फ रु.७७ करोड ६९ लाख ६६ हजारको लेखापरीक्षण सम्पन्न गरिएको छ । सो को विस्तृत विवरण अनुसूची -१ मा संलग्न छ ।

# लेखापरीक्षणबाट देखिएका व्यहोराहरु

२ **वित्तीय विवरण**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को नियम ७२ मा नेपाल सरकारले निर्धारण गरे बमोजिमको आय र व्ययको वर्गीकरण तथा खर्च शीर्षक सम्बन्धी व्यवस्था अवलम्बन गर्नुपर्ने तथा नियम ७६(२) मा महालेखा परीक्षकबाट स्वीकृत भए बमोजिमको ढाँचामा लेखा राख्नुपर्ने व्यवस्था गरेको छ। पालिकाले २०७६।२।१९ मा महालेखापरीक्षकबाट स्वीकृत भएको सार्वजनिक क्षेत्र लेखामान (NPSAS) अनुसार लेखाङ्कन तथा प्रतिवेदन गर्नुपर्दछ । पालिकाले उपलव्ध गराएको स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन सम्बन्धमा निम्नअनुसार देखिएको छः

| तौंजाकोट गाउँपालिका | | | |
|---|---|---|---|
| आर्थिक वर्ष२०८१/ 082 | | | |
| आर्थिक कारोबारकोएकीकृत विवरण | | | |
| **प्राप्ति** | | **भुक्तानी** | |
| **सुरु मौज्दात** | | **चालु खर्च** | |
| १.संचित कोष १२५०५०.७४ | १२५०५०.७४ | १. पालिका तर्फ चालु | ३१०५०००० |
| २.धरौटी | ४२३६९०९ | २. संघीय सशर्त चालु | ९६५६९६०३ |
| ३.कार्यसञ्चालन कोष | ५४६१८६.०६ | ३. संघीय विशेष | ० |
| ४. अन्य कोष | ० | ४. प्रदेश सशर्त चालु | १६७८००० |
| **यस वर्षको आय** | | ५. प्रदेश विशेष | ० |
| **१.आन्तरिक आय** | १२२२८८० | **पुँजीगत खर्च** | |
| **२. वित्तीय हस्तान्तरण (संघ)** | | १. पालिका तर्फ | ३१३५८८८६ |
| क) समानीकरण अनुदान | ६४१४०२४० | २. संघीय पुजिगत | ३०६०५४९० |
| ख) राजस्व बाँडफाँट | ० | ३. संघीय विशेष | ६९६१३५४ |
| ग) सशर्त अनुदान पुजिगत | ३५१००००० | ४. संघीय समपुरक | ० |
| घ) ससर्त अनुदान चालु | ९९६४०२५० | | ० |
| ङ) समपुरक अनुदान | ० | ५. प्रदेश सशर्तपुजिगत | ६०९८२४८७.०७ |
| च) विशेष अनुदान | ८६४३९८५ | ६. प्रदेश विशेष | ४६३६४७२ |
| च) रोयल्टी | ० | ७. प्रदेश समपुरक | ० |
| छ) अन्य | ० | **अन्तर सरकारीअख्तियारी (संघ)** | |
| **३. वित्तीय हस्तान्तरण (प्रदेश)** | | क) सामाजिक सुरक्षा | ३८५९५४८९ |
| क) समानीकरण अनुदान | ४८६६४६३ | ख) गरिबसँग विशेश्वरकार्यक्रम | ० |
| ग) ससर्त अनुदान पुजिगत | ६४०००००० | | ४८६६४६३ |
| घ) सशर्त अनुदान चालु | १६७८००० | **अन्तर सरकारीअख्तियारी (प्रदेश)** | ० |
| ङ) समपुरक अनुदान | ० | **ऋण फिर्ता(साँवा)** | ० |
| च) विशेष अनुदान | ४९८३५९२ | **ऋणको ब्याज भुक्तानी** | ० |
| छ) रोयल्टी | | **धरौटी फिर्ता तथा सदरस्याहा** | १८६८१८८ |
| ज) अन्य | | **कार्यसञ्चालन कोषबाटभएको खर्च** | ८२२४५५ |
| **४. अन्तर सरकारी अख्तियारी (संघ)** | | **अन्य कोषबाट भएको खर्च** | ० |
| क) सामाजिक सुरक्षा | ३८५९५४८९ | **गैरसरकारी संस्थाबाटसञ्चालित योजना** | ० |
| ख) स्थानीय पुर्वाधार सहयोग कार्यक्रम | १७१७९०३७.५९ | स्थानीयपुर्वाधार सहयोग कार्यक्रम | १७१७९०३७.५९ |
| ग) स्थानीय तह प्रशासकीय भवन पुर्वाधार विकास कार्यक्रम | ५००००० | स्थानीयतह प्रशासकीय भवन पुर्वाधार विकास कार्यक्रम | ५००००० |
| घ) राष्ट्रपति शैक्षिक सुधार कार्यक्रम | ६००००० | राष्ट्रपति शैक्षिक सुधार कार्यक्रम | ६००००० |
| **५. अन्तर सरकारी अख्तियारी (प्रदेश)** | | **अनुदान फिर्ता** | |
| **६. घाइते अपाङ्ग भत्ता** | ११६००० | १. संघ तर्फ | ० |
| **७. धरौटी आय** | १५८९००० | क) सशर्त अनुदान | ० |
| **८. कार्यसञ्चालन कोष आय** | ४३६४९९.८३ | ख) विशेष अनुदान | ० |
| **९. अन्य कोषको आय** | | ग) समपुरक अनुदान | ० |
| **१०. संघ तथा प्रदेश राजश्व** | ५०६२९५२२.९४ | २. प्रदेश तर्फ | |
| **११. अन्य सहयोगमा प्राप्त सञ्चालित योजना** | | **क) घाइते अपाङ्ग भत्ता** | ११६००० |
| | | | |

| | | | |
|---|---|---|---|
| **१२. अन्य आय भएमा** | | ख) विशेष अनुदान | ० |
| | | ग) समपुरक अनुदान | ० |
| | | **अन्तिम मौज्दात** | |
| | | १. संचित कोषकोमौज्दात | **१५६९१७०५.५३** |
| | | २. धरौटी | **३९५७७२१** |
| | | ३.कार्यसञ्चालनकोष | **१६०२३०.८९** |
| | | ४. संघ र प्रदेश राजश्व चालु खर्च | **५०६२९५२२.९४** |
| **जम्मा** | **३९८८२९१०५.२** | **जम्मा** | **३९८८२९१०५.०२** |

२.१

**वित्तीय विवरणको यथार्थताः** पालिकाको आर्थिक कार्यप्रणालीको लेखाङ्कनको गर्न स्थानीय सञ्चित कोष व्यवस्थापन प्रणाली (सुत्र) प्रयोगमा रहेको छ । आर्थिक कारोबार गर्दा सुत्रको प्रयोग गरी सम्पूर्ण आर्थिक कारोवारको लेखाङ्कन तथा प्रतिवेदन गर्नुपर्दछ भने सोही प्रणालीबाट स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं २७०) तयार गर्नुपर्छ।स्थानीय सञ्चितकोष व्यवस्थापन प्रणालीमा संघीय सरकारबाट प्राप्त रु.5,६८,७४,५२६।५९ खर्च गरेको छ।

जसले गर्दा सुत्रबाट तयार भएको वित्तीय विवरणसमेत पूर्ण नहुँदा पालिकाको यथार्थ आर्थिक अवस्थाको चित्रण गरेको छैन। तसर्थ सबै आर्थिक कारोबार सुत्र मार्फत हुने र सबै कारोबार वित्तीय विवरणमा समावेश गर्ने व्यवस्था गर्नुपर्दछ ।

जसले गर्दा सुत्रबाट तयार भएको वित्तीय विवरणसमेत पूर्ण नहुँदा पालिकाको यथार्थ आर्थिक अवस्थाको चित्रण गरेको छैन। तसर्थ सबै आर्थिक कारोबार सुत्र मार्फत हुने र सबै कारोबार वित्तीय विवरणमा समावेश गर्ने व्यवस्था गर्नुपर्दछ ।

| सि.नं. | कार्यक्रमको नाम | निकासा/खर्च |
|---|---|---|
| संघीय सरकारबाट प्राप्त | | |
| १ | सामाजिक सुरक्षा तथा संरक्षण | ३८५९५४८९ |
| २ | स्थानीय पूर्वाधार सहयोग कार्यक्रम | १७१७९०३६.५९ |
| ३ | स्थानीय तह प्रशासकीय भवन | ५००००० |
| ४ | राष्ट्रपति शैक्षिक सुधार कार्यक्रम | ६००००० |
| जम्मा | | ५६८७४५२५.5९ |

पालिकाले उपलब्ध गराएको विवरण अनुसार पालिकाको सुत्रको वित्तिय प्रतिवेदन म.ले.प फा नं. २७०-१ अनुसुचिमा संलग्न गरीएको छ।

**(विस्तृत विवरण बेरूजु दफा २.१ सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)**

२.२ **फरक हिसाब - स्थानिय सरकार संचालन ऐन, २०७४ को दफा ७६ आय व्ययको लेखापरीक्षण चुस्त दुरुस्त जिम्मेवार पदाधिकारीले राख्नु पर्ने व्यवस्था छ।** यस पालिकाले सुत्रबाट तयार गरेको स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं.२७०) ले सबै कारोबार नसमेटेको कारण लेखापरीक्षणका क्रममा पालिकाबाट भएका सबै कारोबार समेटिने गरी एकीकृत आर्थिक विवरण तयार गर्न लगाइएकोमा उक्त दुई विवरणमा देहायअनुसार गत वर्षको जिम्मेवारी रु.५९,१२,५९३।३२ , यस वर्षको प्राप्ति रु.५,५०,१३,२१३।५१, यस वर्षको भुक्तानी रु.५,५०,४५,९६३.९५ र बैङ्क मौज्दात रु.५९,४५,३४३।९४ फरक परेको छ। सुत्रमा सम्पुर्ण कारोबार समावेश नभएपनि बैकको सुरु मौज्दात र अन्तिम मौज्दात फरक नपर्न पर्नमा फरक परेकाले यकिन गरी हिसाब मिनला गर्नु पर्दछ।

| **विवरण** | **गतवर्षको जिम्मेवारी** | **यसवर्षको प्राप्ति** | **यसवर्षको भुक्तानी** | **बैङ्क मौज्दात** |
|---|---|---|---|---|
| एकीकृत आर्थिक विवरणअनुसार | **४९०८१४५.८** | **३९३९२०९५९.४** | **३७९०१९४४७.६** | **१९८०९६५७.४२** |
| सुत्र अनुसारको वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं.२७०) | १०८२०७३९.१२ | ३३८९०७७४५.८९ | ३२३९७३४८३.६५ | २५७५५००१.३६ |
| फरक | -५९१२५९३.३२ | ५५०१३२१३.५१ | ५५०४५९६३.९५ | -५९४५३४३.९४ |

२.३ **फरक जिम्मेवारी** -पालिकाले आफ्नो कारोबारको जिम्मेवारी भिडान गरी हिसाब यकिन गर्नुपर्दछ । पालिकाको गतवर्षको लेखापरीक्षण प्रतिवेदनअनुसार रु.८,१९,५७१।६ मौज्दात रहेकोमा यो वर्ष रु.१,०८,२०,७३९।१२ जिम्मेवारी सारेको छ । जस अनुसार लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भएको भन्दा रु.१,००,०१,१६७।५२ बढी जिम्मेवारी सारेको सम्बन्धमा यकिन गरि हिसाव मिलान गर्नु पर्दछ।

२.४ **बैङ्क हिसाब विवरण** -स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७६ अनुसार पालिकाको कारोबार, आय व्ययको लेखा प्रणाली तथा राजस्व र खर्च शीर्षकको वर्गीकरणअनुसार लेखाङ्कन र बैङ्क हिसाब मिलान विवरण (म.ले.प.फा.नं.२१२) तयार गरी हिसाब भिडान समेत गर्नुपर्दछ । पालिकाले बैङ्क हिसाबमिलान विवरण तयार नगरेको कारण वर्षान्तमा स्रेस्ता र बैङ्क मौज्दात देहायअनुसार छ:

| **खाता** | **स्रेस्ताअनुसार मौज्दात रु.** | **बैङ्क स्टेटमेन्टअनुसार वर्षान्तको मौज्दात रु.** | **फरक रु.** |
|---|---|---|---|
| स्थानीय तह सञ्चित कोष खाता | १०११०७६३.८९ | १५६९१७०५.५३ | -५५८०९४१.६४ |
| चालु खर्च खाता जोर | २८७३८७१।६८ | ० | २८७३८७१.६८ |
| पुँजीगत खर्च खाता जोर | ६३३३८१४.९४ | ० | ६३३३८१४.९४ |
| विविध खर्च खाता | १४०८६९.८९ | १६०२३०.८९ | -१९३६१ |
| धरौटी | ३५८५०४१ | ३९५७७२१ | -३७२६८० |
| ग१.१, आन्तरिक राजस्व खाता | ९१५०० | | ९१५०० |
| ग१.२, बाँडफाँडबाट प्राप्त राजस्व खाता | (११९४४२३.४४) | ० | -११९४४२३.४४ |
| **जम्मा** | | | २१४३१७८०.५४ |

स्रेस्ता अनुसारको अन्तिम मौज्दात रु.21941437।96 रहेको र बैक अनुसार रु.१९८०९६५७।४२ देखीएकोमा पालिकाले म.ले.फा.नं. २१२ तयार गरी स्रेस्ता र बैङ्कबीच हिसाब मिलान गर्नुपर्दछ
धरौटी खातामा बैक स्टेटमेन्ट अनुसार स्रेस्तामा भन्दा बढी देखिएको रु.३७,२२,६८०।० ले स्रेस्तामा आम्दानी बाँधी हिसाव मिलान गर्नु पर्दछ। पुँजिगत खर्च जोर खाता र चालु खर्च जोर खातामा स्रेस्ता अनुसार मौज्दात देखिएता पनि बैक मौज्दात देखिएको छैन।

२.५ **सञ्चित कोषमा जम्मा (ट्रान्सफर)**- स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७५ बमोजिम एक आर्थिक वर्षमा खर्च हुन नसकी बाँकी रहेको रकम आर्थिक वर्षको अन्तमा स्थानीय तहको सञ्चित कोषमा स्थानान्तरण गर्नुपर्ने व्यवस्था छ। आर्थिक वर्ष समाप्त पश्चात पनि पालिकाको चालु खर्च खाता जोर वर्ष रु.२९,३८,५७०।८३ , पुँजीगत खाता जोर वर्ष रु.३५,११,८७८।८८, आन्तरिक राजस्व खातामा रु.८,७२,८४४।०, राजस्व बाँडफाँड खातामा रु.४,०१,११८।०५, आन्तरिक अनुदान खाता रु.५४,०५,४००।० समेत रु.१,३१,२९,१११।७६ मौज्दात मिति २०८२।४।११ मा सञ्चित कोषखातामा ट्रान्सफर गरेको पाइयो । तोकिएको समयमा सो रकम सञ्चित कोषमा जम्मा (ट्रान्सफर) गरी हिसाब मिलान गर्नुपर्दछ ।

२.६ **कर दायित्व - आयकर ऐन २०५८ को दफा ९२ बमोजिम कट्टा भएको अग्रिम कर २५ दिनभित्र दाखिला गर्नुपर्ने व्यवस्था छ।** पालिकाले तयार गरेकोवित्तीय प्रतिवेदन (म.ले.प.फा.नं २७०) अनुसार वर्षान्तमा विभिन्न भुक्तानीहरुमा कट्टी गरेको कर दायित्व रु.३४,३७,६२३।० देखाएको छ। यकिन भई सकेको कर दायित्व लेखापरीक्षण अवधिसम्म पनि दाखिला गरेको पाइएन। अत: उक्त रकम सम्बन्धित खातामा दाखिला गर्नुपर्ने रु.

| | |
|---|---|
| प्रमाण पेश नगरेको | १४,०६,१७५ |

३ **क्षेत्रगत बजेट र खर्चको स्थिति**

विनियोजन ऐन, २०८१ बमोजिम क्षेत्रगत बिनियोजन गरी सन्तुलित रुपले खर्च गर्नुपर्ने व्यवस्था छ। स्थानीय तहको एकीकृत, समानुपातिक र दिगो विकासका क्षेत्रगत रुपमा समानुपातिक बजेट विनियोजन गरी खर्च गर्नुपर्ने हुन्छ । यस पालिकाको २०८१।८२ को क्षेत्रगत बजेट र खर्चको स्थिति देहायअनुसार रहेको देखिन्छ ।

| क्र.स | क्षेत्र | बजेट | खर्च | खर्च प्रतिशत |
|---|---|---|---|---|
| १ | आर्थिक विकास | ३१२८१००० | ३०४१३८८७ | १३.६७ |
| २ | पूर्वाधार विकास | १४१०२४००० | १०२४८७९१८.९० | ४६.०६ |
| ३ | सामाजिक विकास | ९३८०३००० | ८९६२२८२७.९८ | ४०.२८ |
| ४ | बातावरण तथा विकास | | | ६.४१ |
| ५ | संस्थागत विकास, सेवा प्रवाह र सुशासन | १५०५४००० | १४२५९६६५ | ३८.२२ |
| ६ | अन्य कार्यालय सञ्चालन तथा प्रशासनिक | ९२९५५१०८.०२ | ८५०५५६७५.०२ | १३.७६ |
| **जम्मा** | | **२६६१०८०००** | **२२२५२४६३४** | |

उपर्युक्त विवरण अनुसार सभाले विनियोजन गरेको बजेट मध्ये पूर्वाधार विकासमा सबैभन्दा बढी ४६.०६ प्रतिशत र वातावरण विकासमा सबै भन्दा घटीमा ६.४१ प्रतिशत रहेको छ। कूल विनियोजन रु.२६६१०८००० भएकोमा रु. २२२५२४६३४। खर्च गरी कूल ८३.६२ प्रतिशत वित्तीय प्रगति गरेको छ। लक्षित बजेट कार्यान्वयन भएको पाइएन बजेटको लक्षित उद्देश्य विश्लेषण गर्नुपर्दछ ।

## ४ खर्च बिश्लेषण

स्थानीय आर्थिक ऐन, 2081 र स्थानीय विनियोजन ऐन, २०८१ बमोजिम पालिकाले यसवर्ष कुल आन्तिरक आयबाट रु.१२,२२,८८०।० राजस्व बाँडफाँड र अनुदानबाट रु.३३,४०,२४,२३१।९४ समेत रु.३३,५२,४७,१११।९४ आम्दानी भएकोमा चालु तर्फ रु.१८,३४,२८,८०३।० र पूँजिगत तर्फ रु.१३,८४,११,१७१।४८ समेत रु.३२,१८,३९,९७४।४८ खर्च भएको छ। खर्चमध्ये आन्तरिक आयको हिस्सा ०.३७ प्रतिशत रहेको छ। यसवर्ष पदाधिकारी सुबिधामा रु.५०,९१,५०४।० खर्च भएको छ जुन आन्तरिक आयको ४१६.३५ प्रतिशत रहेको छ। पालिकालाई प्राप्त भएको सबै अनुदान र राजस्व बाँडफाँडको रकमबाट ५४.९१ प्रतिशत चालु र ४१.४३ प्रतिशतमात्र पूँजिगत निर्माणमा खर्च भएको देखिन्छ। यसबाट पालिकाले विकास निर्माण कार्यक्रम सञ्चालनमा न्युन खर्च गरी प्रशासनिक कार्यमा बढी खर्च गरेको देखिन्छ । प्रशासनिक खर्च नियन्त्रण गर्दै प्राप्त अनुदान र राजस्व बाँडफाँडको रकम अधिकरुपमा विकास निर्माणमा परिचालन गरिनुपर्दछ।

## ५ बजेट पेश, पारित र अख्तियारी

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ मा स्थानीय तहले आगामी आर्थिक वर्षको राजस्व र व्ययको अनुमान कार्यपालिकाबाट स्वीकृत गराई असार १० गते भित्र पेश गर्ने र यसरी पेश भएको बजेट छलफल गरी असार मसान्तभित्र सभाबाट पारित गर्नुपर्ने व्यवस्था छ। सोही ऐनको दफा ७३ मा सभाबाट बजेट स्वीकृत भएको ७ दिनभित्र स्थानीय तहका प्रमुखले प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गर्नुपर्ने व्यवस्था छ यस पालिकाको उपप्रमुखलेमिति २०८१।३।१० मा रु.३७ करोड ४१ लाखको बजेट सभा समक्ष पेश गरेकोमासभाबाट मिति २०८१।३।१० मा पारित भएको छ। यसैगरी स्थानीय तहका प्रमुखले मिति २०८१।४।१ मा प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गरेको देखिन्छ ।आर्थिक वर्ष भित्र सम्पन्न गरिसक्ने गरी बजेट, कार्यक्रम र योजना व्यवस्थापन गर्नु पर्दछ।

## ६ आन्तरिक नियन्त्रण प्रणाली

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ वमोजिम आन्तरिक नियन्त्रण प्रणाली तयार गरी लागू गर्नुपर्ने व्यवस्था छ । पालिकाले त्यस्तो प्रणाली तयार गरी लागू गरेको पाईएन। जसले गर्दा पालिकाको आन्तरिक नियन्त्रण प्रणाली कमजोर रहेको र सोमाथि विश्वस्त हुन सक्ने अवस्था छैन । यस सम्बन्धमा देखिएका केही व्यहोराहरु देहायबमोजिम रहेका छन:

 स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ११ अनुसार आफ्नो क्षेत्रको संकलन, अभिलेखांकन र व्यवस्थापन गर्नुपर्नेमा गरेको पाईएन। पालिकाले योजनागत खाता राखेको पाईएन। विविषयगत क्षेत्रमा संचालन हुने कार्यक्रममा बैठक भत्ता, भ्रमण भत्ता, तालिम, गोष्ठीतर्फ बढी केन्द्रीत भई रहँदा पुँजीगत निर्माणमुखी रहेको पाइएन। कार्यालयले उद्देश्य प्राप्तिमा आइपर्ने सम्भावित जोखिमहरु पहिचान गरि निराकरणको प्रयास गरेको अभिलेख राखेको पाइएन।

 कुनै रकम भुक्तानी दिँदा रित पुगे वा नपुगेको जाँच गरी रसिद बिल भर्पाइहरुमा सिलसिलेवार नम्बर राखि कार्यालय प्रमुखले तोकेको कर्मचारीले भुक्तानी भएको जनाउने छाप समेत लगाई दस्तखत गरी प्रमाणित गर्नुपर्नेमा सो अनुसार गरेको पाईएन।

 अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा ३० को (३) बमोजिम नेपाल सरकार, प्रदेश तथा स्थानीय तहले बजेट कार्यान्यिनको बार्षिक समिक्षा गरी तत्सम्बन्धी विवरण प्रत्येक बर्षको कार्तिक मसान्तभित्र सार्बजनिक गर्नुपने व्यबस्थाको पालना गरेको पाइएन।

 ठेक्काहरुको विस्तृत विवरण देखिने गरि ठेक्का खाता (म ले प फा नं ५०७) राखेको भएता पनि कन्टिन्जेन्सी खाता राखेको पाईएन।

 संस्था दर्ता ऐन, २०३४ को दफा ३ अनुसार पालिकाबाट संचालन भएका विभिन्न योजना निर्माण गर्न गठन गरेका उपभोक्ता समिति उक्त ऐनको व्यवस्था अनुसार मान्यता प्राप्त हुने गरी दर्ता गरेको पाइएन।

 सञ्चालित योजनाको सूचना पाटीमा आय व्यय, अपेक्षित र वास्तविक लाभका साथै उपभोक्ताको योगदान र कार्यसम्पादन लगायतका विषयमा स्पष्ट गरी सरोकारवाला सहितको सार्वजनिक सुनुवाई र सार्वजनिक परीक्षणलाई अनिवार्य गर्नु गराउनु पर्ने एवं रोयल्टी भुक्तानीका सबै प्रमाण सहित विल भर्पाई पेश गर्नुपर्नेमा अधिकांश पालना भएको पाईएन।

 प्रचलित कानुन अनुसार लेखा समित गठन गरेता पनि म ले प प्रतिवेदनहरु सम्बन्धमा छलफल गरेको अभिलेख रहेको पाइएन।

 सबै कर्मचारीलाई निजहरुले गर्नुपर्ने कामको कार्य विवरण बनाई लागु गरेको पाईएन।

 सुचना अधिकारीको काम कर्तव्य र जिम्मेवारी सम्बन्धी निर्देशिका, २०७३ को दफा २५ मा सूचनाको माग सो अनुरुप सूचना प्रवाहको अवस्था वा सूचना दिन इन्कार गरेको अभिलेख पाइएन।

 वातावरण संरक्षण ऐन, २०७६ को दफा ३ मा स्थानीय तहले नियमावलीको अनुसूची निर्माण, १०० मिटर सम्मको पुल, लिफ्ट सिँचाइ, सडक स्तरोन्नती लगायतका कार्यमा गर्नपर्ने र नगरेमा दफा ३५ वमोजिम रु.५ लाखसम्म जरिवाना हुने व्यवस्था भएकोमा स्थानीय तह आफैले पालना नगरेको तथा पालना गराएको सम्वन्धी अभिलेख राखेको पाइएन।

 पालिकाले हालसम्म संगठन तथा व्यवस्थापन सर्वेक्षण गरेको पाइएन।

 विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४ को दफा ४५ मा स्थानीय विपद व्यवस्थापन समितिले गरेको कामको वार्षिक प्रतिवेदन जिल्ला विपद् व्यवस्थापन समिति तथा प्रदेश विपद् व्यवस्थापन कार्यकारी समिति समक्ष पेस गर्नुपर्ने व्यवस्था रहेकोमा प्रतिवेदन तयार गरी सम्बन्धित मितिमा पेस गरेको पाइएन।

 सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ उपनियम (११) मा निर्माण कार्य सम्पन्न गरिसकेपछि तोकिएका व्यहोरा खुलाई कार्य सम्पन्न प्रतिवेदन तयार गरी अभिलेख राख्नुपर्ने व्यवस्था भएकोमा सो अनुसार गरेको पाइएन।

 स्थानीय तहले निर्माण व्यवसायी तथा उपभोक्ता समितिमार्फत कार्य गराएकोमा अधिकाँश कामको निर्माण कार्यमा प्रयोग हुने सामानको गुणस्तर परीक्षण गरेको पाइएन।

 स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २७ बमोजिम स्थानीय तहले जोखिम संवेदनशीलताका आधारमा जग्गाको उपयोग सम्बन्धी मापदण्ड तोक्नुपर्ने र त्यस्तो मापदण्डको अधीनमा रही तोकेको क्षेत्रमा मात्र भवन निर्माण गर्न स्वीकृति दिन सक्ने व्यवस्था भएकोमा सो अनुसार गरेको पाइएन ।

 राजस्व संकलन सम्बन्धमा सुचना प्रबिधिको प्रयोग गरी सबै कारोबार बैंकिङ्ग प्रणाली मार्फत गर्ने गरेको देखिएन। स्थानीय राजस्व व्यवस्थापन प्रणाली प्रयोगमा आएतापनि सबै वडाबाट पनि सो अनुसार गर्ने गरी पुर्णरुपमा कार्यान्वयनमा आएको पाइएन।

 स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७१ मा गाउँपालिका तथा नगरपालिकाले आफ्नो अधिकारक्षेत्रभित्रका विषयमा स्थानीयस्तरको विकासका लागि आवधिक वार्षिक रणनीतिगत विषय क्षेत्रगत मध्यकालीन तथा दीर्घकालीन विकास योजना तयार गरी कार्यान्वयनमा ल्याएको पाईएन।

 स्थानीय तहले आफ्नो क्षेत्रमा कार्यान्वयन हुने आयोजनाको बिश्लेषण गरी सम्भाव्य आयोजनाको बैंक खडा गरेको पाइएन।

 दिगो बिकास लक्ष्य (सन् २०१५-३०) लाई कार्यान्वयन गर्ने सन्दर्भमा लक्ष्यलाई आन्तरिकीकरण गर्ने र मध्यकालिन लक्ष्यहरु तोकि मुल्याङ्कन गर्ने कार्य भए गरेको पाइएन।

 सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन कार्यविधि, २०७५ को परिच्छेद ८ दफा २८ मा सामाजिक सुरक्षा कार्यक्रमको नियमित अनुगमन मुल्याङ्कन तथा सुपरीवेक्षण गर्न स्थानीय स्तरको अनुगमन तथा सुपरीवेक्षण समिति गठन गर्नुपर्ने व्यवस्था भएकोमा उक्त समिति गठन नगरेको तथा अनुगमन मुल्यांकनको कार्य भएको पाइएन।

 सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन कार्यविधि, २०७५ को परिच्छेद ९(क) मा आगामी आर्थिक वर्षमा भत्ता प्राप्त गर्नेहरुको विवरण सम्बन्धित वडा समितिहरुको सिफारिसका आधारमा स्थानीय सभामा पेश गर्नुपर्छ भन्ने व्यवस्था रहेकोमा कार्यालयले लाभग्राहीहरुको विवरण सभामा पेश गरेको पाइएन।

 सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन कार्यविधि, २०७५ को परिच्छेद ९ दफा ३४ मा पालिकाले नयाँ नाम दर्ता चौमासिक भत्ता वितरण सम्बन्धि विवरण सार्वजनिक गर्नुपर्ने व्यवस्था भएता पनि कार्यालयले उक्त विवरणहरु सार्वजनिक गरेको देखिने गरी प्रमाण राखेको पाइएन।

 सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन कार्यविधि, २०७५ को परिच्छेद ९ दफा ३५ मा वडा समितिले प्रत्येक चौमासिकमा कम्तीमा एकपटक सामाजिक सुरक्षा कार्यक्रम सम्बन्धमा सार्वजनिक सुनुवाई गर्नुपर्ने र प्राप्त गुनासा तथा सुझावहरु सम्वोधन गर्नुपर्ने उल्लेख भएकोमा सो को पालना भएको पाइएन।

 यस पालिकामा समाहित भएका साविकका गाउँ विकास समिति तथा गाउँपालिकाको नाममा रहेको पेश्की तथा बेरुजु अभिलेख समायोजन गरी नियमानुसार पेश्की फस्यौट तथा बेरुजु सम्परीक्षण गरी बेरुजू लगत तथा सम्परीक्षणको अभिलेख अध्यावधिक गरी राखु पर्नेमा राखेको पाइएन।

तसर्थ आन्तरिक नियन्त्रण प्रणाली तयार गरी पालिकाको कार्य संचालन तथा व्यवस्थापनलाई प्रभावकारी बनाउनु पर्दछ।

तसर्थ आन्तरिक नियन्त्रण प्रणाली तयार गरी पालिकाको कार्य सञ्चालन तथा व्यवस्थापनलाई प्रभावकारी बनाउनुपर्दछ।

७ **बजेट सीमा निर्धारण समिति**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६(१) बमोजिम पालिकामा प्राप्त हुने आन्तरिक आय, राजश्व बाँडफाँडबाट प्राप्त हुने रकम, अनुदान, ऋण र अन्य आयको प्रक्षेपण तथा सोको सन्तुलित वितरणको खाका र बजेट सीमा निर्धारण गर्न ७ सदस्यीय स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समिति गठनको व्यवस्था छ। उक्त समितिले आयको प्रक्षेपण, साधनको सन्तुलित वितरणको खाका,

बजेटको कूल सीमा, बजेटको क्षेत्रगत सीमा निर्धारण, बजेट तथा कार्यक्रमको प्रथमिकिकरण, विषयक्षेत्रगत बजेट तर्जुमा मार्गदर्शन तय गर्नुपर्ने जस्ता कार्यहरु फाल्गुन महिनाभित्र सम्पन्न गरिसक्नुपर्ने र बजेट प्रक्षेपण गर्दा बजेट वर्षपछिको थप दुई वर्षको समेत प्रक्षेपण तयार गर्नुका साथै तयार भएको आगामी आर्थिक वर्षको बजेट सीमा प्रमुख प्रशासकिय अधिकृतले चैत्र १५ गतेभित्र पालिकाका विषयगत शाखा तथा वडा समितिलाई उपलब्ध गराउनुपर्ने कानुनी व्यवस्था रहेकोमा पालिकाले समितिको गठन गरेको छैन। ऐनमा व्यवस्था भएअनुसार बजेट सीमालगायत क्षेत्रगत विषय समेटी बजेट प्रक्षेपण सम्बन्धी नियम तथा कार्यविधि तर्जुमा एवं सोको पालनामा सम्बन्धित पदाधिकारीको ध्यान जानुपर्दछ।

## ८ लक्ष्य प्रगति

स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ८४ मा प्रमुख प्रशासकीय अधिकृतले प्रतिवेदन तयार गरी कार्यपालिको वैठकमा पेश गर्नुपर्ने व्यवस्था छ। कार्यालोलयले त्रैमासिक तथा वार्षिक प्रगति विवरण बनाई पेश गर्नुपर्नेमा पालिकाले सञ्चालन गरेका वडास्तर तथा पालिकास्तरका योजनाको नियम बमोजिमको ढाँचामा त्रैमासिक प्रगति विवरण तयार गरेको देखिएन। बजेट खर्च गर्ने तथा खर्चको तोकिएको ढाँचामा वार्षिक प्रगति तयार नगर्ने प्रमुख प्रशासकीय अधिकृतलाई जिम्मेवार बनाउनु पर्दछ।

| कार्यक्रम/योजना | कुल कार्यक्रम | वार्षिक प्रगति स्थिति | | | |
|---|---|---|---|---|---|
| | | शून्य प्रगति | २५%सम्म प्रगति | ५०% सम्म प्रगति | ७५% सम्म प्रगति |
| कार्यक्रम संख्या | ८९ | ० | ० | ० | ८९ |

## ९ सेवाप्रवाहको स्थिति

स्थानिय सरकार सञ्चानल ऐन, २०७४ बमोजिम पालिकाबाट पञ्जिकरण, घ वर्गको इजाजत र नक्सा पास साथै स्थानिय पूर्वाधारको सेवा वितरण गर्ने व्यवस्था छ। यस आर्थिक वर्षमा पन्जिकरण शाखा तथा अन्य शाखाबाट उपलब्ध गराएको विवरण अनुसार पन्जिकर सेवा उपलब्ध गराएको विवरण प्राप्तभएको छ ।

| विवरण | जम्मा |
|---|---|
| पञ्जिकरणतर्फ | |
| जन्मदर्ता र मृत्यु दर्दा | ७०० |
| नाता प्रमाणित | १०० |
| घरबाटो सिफारिस | ४ |
| नागरिकता सिफारिस | २५० |

पालिकाबाट प्रदान गरिने सेवाप्रवाहमध्ये पञ्जिकरण बाहेकका अन्य घ वर्गको इजाजत, नक्सापास लगायतका अन्य सेवा सञ्चालनमा सन्तोषजनक देखिएन।

## १० सार्वजनिक परीक्षण

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ वमोजिम स्थानीय तहले सार्वजनिक सेवा प्रवाहलाई प्रभावकारी, दिगो र भरपर्दो वनाउन कार्यक्रमको सामाजिक परीक्षण अन्तर्गत सार्वजनिक परीक्षण र सार्वजनिक सुनुवाई गर्नुपर्ने व्यवस्था बमोजिमको कार्य भएको पाइएन। तोकिए बमोजिम सार्वजनिक परीक्षण गरी पालिकाबाट हुने आर्थिक कारोबारमा जवाफदेहिता र पारदर्शिताको प्रवर्द्धन गर्नु पर्दछ।

## ११ फिर्ता गर्न बाँकी अनुदान

( ✂ ..... कार्यालयले बेरुजु फस्योंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-११-२७** को निर्णयले रू **७,८७४,७८८.०२** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फस्योंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-२४** को निर्णयले रू **३,३६४,६३२.९४** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| प्रमाण पेश नगरेको | ० |
|---|---|

१२ **विनियोजन बाँडफाँडः**

विनियोजन ऐन, २०८० बमोजिम वार्षिक विनियोजन रकम खर्च गर्नुपर्ने व्यवस्था छ। पालिकाले गतवर्षको भुक्तानी दिन बाँकीको खाता तथा कच्चावारी (म.ले.प.फा.नं. २२१) प्रमाणित तथा यस वर्षको बजेटमासमेत गत वर्षको भुक्तानी दिन बाँकीको व्यवस्था गर्नु पर्ने व्यवस्था छ। पालिकाले एकमुष्ट पुँजिगत तर्फ रु.१,२०,००,०००।० र चालूतर्फ रु.१४,००,०००।० बजेटको व्यवस्था गरेकोमा पूँजीगततर्फ रु.१,१९,४२,२३४।० र चालूतर्फ रु.१४,९८,०००।० समेत रु.१,३४,४०,२३४ खर्च गरेको छ। भुक्तानी दिनबाँकीको विस्तृत विवरण तयार गरी गाउँसभाबाट पारित गर्नु पर्नेमा एकमुष्ट बजेटको व्यवस्था गरि खर्च लेखेको पाइयो।यस प्रकारका खर्च विकास निर्माणको योजनाहरुमा भन्दा चालु किसिमका शिर्षकमा बढी खर्च गर्ने गरेको पाइयो। अतः आगामी वर्षकोलागी दायित्व सृजना नहुने गरी योजना तथा कार्यक्रम तयार गर्ने तर्फ पालिकाको ध्यान जानु पर्दछ। ऐनको दायरा बाहिर गएर बजेट खर्च गरेको र यो वर्ष ऐनमा समाबेश गरी कार्यक्रमगत विवरण नराखी गरेको खर्च नियमसंगत देखिएन ।

१३ **योजना प्राथमिकीकरण**

स्थानीय सरकार सञ्चालन ऐन,२०७४ को दफा २४ मा स्थानीय तहले आवधिक योजना बनाई लागू गर्नुपर्ने उल्लेख गरेको छ । स्थानीय तहले योजना तथा बजेट तर्जुमा दिग्दर्शन, २०७४ को दफा ५.२.४ सँग सम्बन्धित अनुसूची ३ मा आयोजना प्राथमिकीकरणका आधारहरू गरिवी निवारण, उत्पादनमूलक, रोजगारी, लागत सहभागिता, स्थानीय स्रोत र साधन, समावेशी विकास, दिगो र वातावरण संरक्षण र भाषिक र सांस्कृतिक विकास उल्लेख गरेको छ र सोही अनुसार गणना गरी प्राथमिकता आधारमा योजना छनौट गर्नु पर्ने व्यवस्था छ। तर पालिकाले आर्थिक वर्ष २०८१।८२ मा निम्नअनुसार ५ वडाको लागि वडागत र पालिकास्तरका कुल ८९ योजनामा वजेट विनियोजन गरेको छ।

| क्र. सं. | कार्यक्रमको नाम | योजना सङ्ख्या | रु.२० लाखमाथिका योजना सङ्ख्या | रु.५ लाखदेखि २० लाख सम्मका योजना सङ्ख्या | रु.५लाखभन्दा कमका योजना सङ्ख्या |
|---|---|---|---|---|---|
| १. | पालिकास्तरीय/वडा स्तरिय | ८९ | ३३ | २७ | २९ |

उपर्युक्त विवरणअनुसार पालिकाले साना र वितरणमुखी योजनाहरु सञ्चालन गरेको देखिन्छ। जसले गर्दा सञ्चालित योजनावाट दीर्घकालिन प्रतिफल प्राप्त नहुनका साथै चालु प्रकृतिका खर्चमा बृद्धि भै लागत प्रभावी नहुने तथा निर्माण कार्यको गुणस्तरमा समेत प्रश्न उठ्ने गरेको छ। त्यसैगरी यो वर्ष सभाले पारित गरेका उल्लेखित योजना मध्ये ८९ योजना कार्यान्वियन भएको पाइयो।

१४ **आवधिक योजना**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ बमोजिम पालिकाले आफ्नो अधिकार क्षेत्रभित्रको विकासका लागि आवधिक योजना बनाई लागू गर्नेमा यस पालिकाले आवधिक योजना तयार गरेको छैन। आवधिक योजना नहुँदा पालिकाले वार्षिक बजेट तथा कार्यक्रम तयार गर्दा आवधिक योजनाका दीर्घकालीन विषयलाई भन्दा सालवसाली विषयहरुलाई समावेश गरेको देखिन्छ। स्थानीय तहको समग्र विकासका लागि आवधिक योजना तर्जुमा गरी कार्यान्वियन गर्नुपर्दछ।

१५ **बजेट तथा कार्यक्रम तर्जुमा**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६७(१) मा ४ सदस्यीय बजेट तथा कार्यक्रम तर्जुमा समिति गठन गरी आगामी वर्षको नीति तथा कार्यक्रम, बजेट तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकीकरण, विषय क्षेत्रगत कार्यक्रम, योजना तथा कार्यक्रममा दोहोरोपना हुन नदिई आपसी तादाम्यता तथा परिपूरकता कायम गर्नुपर्ने व्यवस्था अनुसार समिति गठन गरेको भएता पनि आगामी आर्थिक वर्षको नीति तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकीकरण, कार्यक्रमबीच परिपूरकता कायम गरेको समेत नदेखिएकाले बजेट तर्जुमा गर्दा ऐनमा भएको व्यवस्थाको परिपालनामा ध्यान दिनुपर्दछ।

१६ **वार्षिक खरिद योजना/गुरुयोजना**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८ ले वार्षिक १० करोडभन्दा बढीको खरिद गर्दा गुरुयोजना वार्षिक १० लाखभन्दा बढीको खरिद गर्दा वार्षिक खारिद योजना बनाउनुपर्ने व्यवस्था छ। यस पालिकाले विभिन्न शीर्षक अन्तर्गत वार्षिक रु.१५,४४,३२,३२१।०५ पूँजीगत खर्च/खरिद निर्माण कार्य गरेको छ । वार्षिक खरिद योजना र गुरुयोजना नबनाई खरिद कार्य गरेको देखियो। अतः पालिकाले उक्त नियमावली बमोजिम खरिद योजना/गुरुयोजना बनाई व्यवस्थित र प्रभावकारी हुने गरी खरिद कार्य गर्नुपर्दछ।

## १७ प्रशासकीय संगठन र जनशक्ति व्यवस्थापन

कर्णाली प्रदेश स्थानीय सेवा (गठन तथा सञ्चालन) ऐन,२०८१ को दफा ७(१) मा दरवन्दी पदपूर्ती हुनु पर्ने व्यवस्था छ। स्थानीय तहको कार्यबोझ, राजस्व क्षमता, खर्चको आकार र स्थानीय आवश्यकता समेतलाई ध्यानमा राखी कर्मचारी समायोजन भएपछि मात्र संगठन तथा व्यवस्थापन सर्वेक्षणका आधारमा स्थानीय तहमा संगठन संरचना कायम हुने व्यवस्था छ । पालिकामा प्रमुख प्रशासकीय अधिकृत सहित ३९ दरबन्दी स्वीकृत रहेकोमा लेखापरीक्षण अवधि सम्म प्रमुख प्रशाकीय अधिकृत सहित २५ जना पदपूर्ती भएको देखिन्छ । लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार कार्य व्यवस्थापनका दृष्टिकोणले महत्वपूर्ण मानिएका शिक्षा अधिकृत, कृषि अधिकृत लगायत १४ पदहरु रिक्त रहेका छन्। दरबन्दी बमोजिम जनशक्तिको पूर्णता नहुँदा विषयगत कार्यक्रम सञ्चालन, सेवा प्रवाह तथा पालिकाको समग्र कार्य सम्पादनमा असर परेको स्थिति छ । तसर्थ रिक्त पदहरु यथाशक्य छिटो पूर्ति गरी सेवा प्रवाह प्रभावकारी बनाउनुपर्दछ।

## १८ कर्मचारी व्यवस्था

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ (८) मा नगर प्रहरी, सवारी चालक, सयस, बगैंचे, प्लम्बर लगायतका पद तथा सेवामा बाहेक करारमा नियुक्त गर्न पाइने व्यवस्था छैन। पालिकाले आन्तरिक पदपूर्ती गरी ६४ जना कर्मचारी करारमा नियुक्त गरेको मध्ये माथि उल्लेखित पदहरुमा बाहेक २९ जना कर्मचारीहरुलाई तलव भत्ता रु.४६,५८,८१८।० भुक्तानी गरेको पाइयो । ऐनको व्यवस्था विपरीत कर्मचारी नियुक्त गरी भुक्तानी गर्ने कार्य अनियमित देखिदा यसमा नियन्त्रण गर्नु पर्दछ।

## १९ तलवी प्रतिवेदन

कर्णाली प्रदेश स्थानीय सेवा (गठन तथा सञ्चालन) ऐन २०८१ को दफा ४३(२) मा प्रदेश लेखा इकाई कार्यालयबाट तलबी प्रतिवेदन पारित गर्नुपर्ने व्यवस्था छ। पालिकाले सङ्घीय सरकारबाट हस्तान्तरित चालु अन्तर्गत स्वास्थ्य तर्फ रु. ९८,४८,६२८।० र पालिकाका कर्मचारीको रु.१,८४,५५,४५९।० समेत रु.२,८३,०४०८७।० खर्च लेखेको छ ।तलबी प्रतिवेदन पारित नगरी खर्च लेख्न पाउने भन्दा बढी तलब भत्ता ग्रेड भुक्तानी हुन सक्ने तथा लेखापरीक्षणको क्रममा भुक्तानीको तुलना गर्न नसकिने भएकोले तलबी प्रतिवेदन पारित गराएर तलब भत्ता भुक्तानी गर्नुपर्दछ ।

## २० आर्थिक सहायता

पालिकाको विनियोजन ऐन, २०८१ बमोजिम स्पष्ट मापदण्ड र कार्यविधि तयार गर्नुपर्ने र सोको जानकारी स्थानीय तहको वेभसाइटमा सार्वजनिक गर्नुपर्ने व्यवस्था छ ।पालिकाले मापदण्ड र कार्यविधि तयार नगरी विभिन्न ७० संघसंस्था र व्यक्तिहरुलाई रु.८,००,०००।० आर्थिक सहायता वितरण गरेको छ। उक्त रकम पालिकाको कुल आन्तरिक आय रु.१२,२२,८८०। को ६५.४२ प्रतिशत हुन आउँछ। निश्चित विधि र मापदण्ड वेगर आर्थिक सहायता वितरण गर्ने प्रक्रियामा नियन्त्रण हुनु पर्दछ।

## २१ स्थानीय तथ्याङ्क, अभिलेख तथा स्रोत नक्साङ्कन

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ बमोजिम स्थानीयतहले आफ्नो क्षेत्रभित्रको आधारभुत तथ्याङ्क सङ्कलन, अभिलेख र सोको व्यवस्थापन गर्नुपर्ने तथा आफ्नो क्षेत्रभित्रको शैक्षिक, भौगोलिक अवस्था, प्राकृतिक स्रोत अन्तर्गत खानी, जंगल तथा अन्य स्रोत, पूर्वाधार अन्तर्गत सडक, पुल, खानेपानी लगायतको अभिलेख तथा श्रोत नक्साङ्कनसहितको पालिकाको प्रोफाइल तयार गर्नुपर्ने व्यवस्था छ। पालिकाले स्थानीय तथ्याङ्क सम्बन्धी नीति, कानून र सोको मापदण्ड बनाएको तथा स्रोत नक्साङ्कन गरेको देखिएन। स्थानीय तहका प्राथमिकीकरणका क्रियाकलाप सञ्चालनमा तथ्याङ्कले महत्वपूर्ण भुमिका खेल्ने हुँदा सोको सङ्कलन र अभिलेख राख्ने कार्य गर्नपर्दछ।

## २२ आन्तरिक लेखापरीक्षण

स्थानीय तह सञ्चालन ऐन, २०७४ को दफा ७७ (२) मा स्थानीय तहले आर्थिक कारोबारको नियमितता, मितव्ययिता, कार्यदक्षता र प्रभावकारिताको आधारमा प्रत्येक त्रैमासिक समाप्त भएको एक महिना भित्र आन्तरिक लेखापरीक्षण गराउनु पर्ने उल्लेख छ। तर ताजाकोट गाउँपालिकालामा आन्तरिक लेखापरीक्षकको पदपूर्ती नभएकाले यस वर्षको आर्थिक कारोबारको आन्तरिक लेखापरीक्षण गराएको छैन। तसर्थ कानुनमा तोकिए बमोजिम आर्थिक कारोबारको आन्तरिक लेखापरीक्षण गराई आन्तरिक नियन्त्रण प्रणालीलाई प्रभावकारी बनाउने तर्फ ध्यान दिनुपर्दछ।

२३ **त्रैमासिक पूँजीगत खर्च**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३५ बमोजिम बजेट तथा कार्यक्रम कार्यान्वयन गर्ने कार्यालयले त्रैमासिक प्रगति विवरण वनाई कार्यसम्पादन गर्नुपर्ने व्यवस्था छ। पालिकाले उपलव्ध गराएको विवरण अनुसार त्रैमासिक पूँजीगत खर्चको स्थिति देहाय बमोजिम छ।

| बजेट उपशिर्षक | कुल खर्च | त्रैमासिक खर्च | | | | आषाढ महिनाको खर्च |
|---|---|---|---|---|---|---|
| | | प्रथम | दोस्रो | तेश्रो | चौथो | |
| पुँजीगत खर्चतर्फ | १३८४११ | ४९८९ | ३२५४७ | २४०० | ९८४७५ | ९०२४८ |
| प्रतिशत | | ३.६ | २३.५१ | १.७३ | ७१.१६ | ६५.२० |

पालिकाले उपलब्ध गराएको विवरणअनुसार वार्षिक रु.१३ करोड ८४ लाख ११ हजार निकासा भएकोमा प्रथम त्रैमासिकमा रु.४९ लाख ८९ हजार (३.६ प्रतिशत), दोस्रो त्रैमासिकमा रु.३ करोड २५ लाख ४७ हजार (२३.५१ प्रतिशत), तेस्रो त्रैमासिकमा रु.२४ लाख (१.७३ प्रतिशत) र चौथो त्रैमासिकमा रु.९ करोड ८४ लाख ७५ हजार (७१.१६ प्रतिशत) खर्च गरेको देखिएको छ। यसरी नै आषाढ महिनामा मात्र रु.९ करोड २ लाख ४८ हजार (६५.२ प्रतिशत) खर्च देखिनुले आषाढमा आएर खर्चको चाप बढेको देखिएकाले सन्तुलित खर्च व्यवस्थापन भएको देखिएन। स्वीकृत कार्यक्रम अनुसार चौमासिक रुपमा सन्तुलित खर्च हुने गरी कार्यक्रम कार्यान्वयन गरिनुपर्दछ। वर्षान्तमा हतारमा काम गराउँदा कामको गुणस्तरमा असर पर्ने देखिएकोले नियममा भएको व्यवस्था अनुरुप आषाढमा खर्च गर्ने परिपाटीमा नियन्त्रण गर्नुपर्दछ।

२४ **कानून र सञ्चालन स्थिति**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहहरुले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा ऐन तथा सोको अधिनमा रही नियम निर्देशिका, कार्यविधि र मापदण्ड बनाई कार्यान्वयनमा ल्याउन सक्ने व्यवस्था छ। जसअनुसार स्थानीय तह सञ्चालनको लागि संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट वटा नमूना कानूनहरु बनाई उपलब्ध गराएकोमा यस पालिकाले हालसम्म १६ वटा ऐन, ५वटा नियमावली, ३७ कार्यविधि लगायत ६६ वटा कानुन निर्माण गरी कार्यान्यनमा ल्याएको छ।

२५ **सहकारी नियमन**

सहकारी ऐन, २०७४ को दफा ७३ अनुसार मासिक, चौमासिक, वार्षिक प्रतिवेदन बुझाउनु पर्ने र सहकारी नियमावली, २०७५ को नियम २८(४), सहकारी संस्थाहरुको सुपरीवेक्षण, निरीक्षण तथा अनुगमन निर्देशिका, २०७८ को दफा ३ मा मासिक प्रतिवेदन प्रत्येक महिना ७ गते भित्र एकीकृत सूचना व्यवस्थापन प्रणाली (COPOMIS) दाखिला गर्नु पर्ने व्यवस्था छ। पालिकाले उपलव्ध गराएको विवरणअनुसार पालिका भित्र १७ वटा सहकारी संस्था रहेका छन्। पालिका भित्रका सहकारी संस्थाहरुले एकीकृत सूचना व्यवस्थापन प्रणाली (COPOMIS) बाट विवरण दाखिला गरेको पाइएन। त्यसैगरी पालिकाबाट अनुगमन निरीक्षण गरी तयार गरिएको प्रतिवेदन समेत लेखापरीक्षणका क्रममा पेश भएन। जसले गर्दा सहकारीको सञ्चालन अवस्था बारे अध्ययन गर्न सकिएन। तसर्थ ऐन, नियमावली र निर्देशिका अनुसार प्रणालीमा विवरण दाखिला गर्न लगाई सोको प्रभावकारी अनुगमन गर्नु पर्दछ।सहकारीहरु दर्ता मात्र भएका तर पूर्ण रुपमा संचालनमा नआएका पालिकाको भनाइ छ।

२६ **जिन्सी निरीक्षण**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ९९ मा सोही नियमावलीको नियम ९४, ९५ र ९६ बमोजिम जिन्सी मालसामानको लगत खडा गरी राख्नुपर्ने, सोको निरीक्षण गरी प्रतिवेदन तयार गर्नुपर्ने, प्रतिवेदनमा उल्लेखित सामान

मध्ये मर्मत गर्नुपर्ने सामान ३ महिना भित्र र लिलाम गर्नुपर्ने सामान ६ महिना भित्र लिलाम गरी सक्नु पर्ने व्यवस्था छ ।तर पालिकाले यस वर्ष जिन्सी निरीक्षण गराएको पाइएता पनि सामानको अवस्था मर्मत गर्नु पर्ने तथा लिलाम गर्नु पर्ने उल्लेख गरेको पाइएन। जसले गर्दा पालिकाको जिन्सीको अवस्था बारे यकिन गर्न सकिएन । नियमावलीको व्यवस्था अनुसार जिन्सी निरीक्षण प्रतिवेदन तयार गरिनु पर्दछ।

२७ **सम्पत्तिको प्राप्ति उपयोग र संरक्षण**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली २०७७ को नियम ४१(६) मा उपलब्ध सम्पतीको समुचित उपयोगर संरक्षणको उचित व्यवस्थापन गर्नु पर्ने व्यवस्था छ। पालिकामा सार्वजनिक सम्पत्तिको प्राप्ति उपयोग तथा संरक्षणको अवस्था विश्लेषण गर्न देखिएको व्यहोरा निम्न छ।

| सम्पत्ति | प्राप्त मिति | संख्या | खरिद/प्राप्ति मूल्य | कैफियत |
|---|---|---|---|---|
| घर जग्गा क्षेत्रफल र संख्या सहित | २०७६।१०।१९ | १ | खरिद मुल् २० लाख | |
| सवारी साधन (रु.१ लाखभन्दा बढी) | ०७६।११।२२ | २ | खरिद ५० लाख/१० लाख | स्कार्पियो जिप र एम्बुलेन्स |
| उपकरण (रु.१ लाखभन्दा बढी) | २०७९/८/२५<br>२०८१।६।२३ | १ सेट<br>२ गोटा | ५ लाख<br>१ लाख ५० हजार | सोलार ल्यापटप डेल i7 |

२८ **दाखिला नभएको**

आर्थिक कार्यविधितथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा २८(१) मा जिन्सी सामान प्राप्त भएको ७ दिन भित्र दाखिला गरी स्रेस्ता खडा गर्नु पर्ने छ। नेपाल सरकार मन्त्रिपरिषदको मिति २०७७।७।२० को निर्णयबाट आर्थिक बर्ष २०७७।७८ बाट अनिवार्य रुपमा नेपाल सरकारको तीनै तहका सबै सरकारी कार्यालयहरुले प्रयोग गर्नसक्ने गरी सरकारी सम्पतिको लेखाङ्कन र प्रतिवेदन तयार गर्न सम्पत्ति व्यवस्थापन प्रणाली (PAMS) लागू हुने निर्णय गरेको छ। पालिकाले निम्नानुसार मालसामान खरिद गरेकोमा पाम्समा जिन्सी आम्दानी बाँधेको छैन। अत: सो मालसामान पाम्समा जिन्सी आम्दानी गरेको प्रमाण पेश गर्नुपर्ने रु.

| गो.भौ नं/मिति | खर्चको विवरण | भुक्तानी पाउने | रकम | कैफियत |
|---|---|---|---|---|
| ५४३-२०८२।०३।२५ | खानेपानी योजनाको डिपिआर | डिकोड इन्जिनियरिङ्ग प्रालि | ४९५५०५ | दाखिला नभएको । |
| | जम्मा | | ४९५५०५ | |

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ४,९५,५०५ |

२९ **अधुरा आयोजना**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३६ अनुसार योजनाहरुको भौतिक र वित्तीय पक्षको सामुहिक समीक्षा गर्नुपर्ने र यसरी गरिने समीक्षामा प्रगति कम हुनुका प्रमुख कारणहरु र सोको निमित्त जिम्मेवार व्यक्तिको पहिचान गर्नुपर्ने, त्यस्तो समीक्षामा सुधारका लागि चाल्नु पर्ने कदमहरु र जिम्मेवार व्यक्ति उपर गर्नुपर्ने कारबाही समेत उल्लेख गर्नुपर्ने व्यवस्था छ। यस स्थानीय तहले यो वर्ष देहायअनुसार २ वटा योजनाहरु अधुरा रहेकोमा प्रशासकिय भवनको र दश शैया अस्पताल योजनाको कार्य सम्पन्न हुन नसकी जिम्मेवारी सारेको छ। पालिकाले योजनामा कती खर्च भइ कती खर्च गर्न बाँकी रहेको छ सो विवरण समेत प्राप्त हुन सकेन। प्रकारको दायित्व विगत वर्षहरुको समेत सार्दै आएको छ । सम्पन्न नगरी अधुरो रहेको कारण सोको उपयोग हुन सकेको छैन भने त्यस्ता योजना अलपत्र अवस्था समेत रहँका छन् । पालिकाले लेखापरीक्षणको क्रमा ठेक्का फाइल समेत उपलब्ध नगराएकाले जिम्मेवारीपूर्वक कार्यसम्पादन गर्नुपर्दछ ।

| योजनाको नाम | निर्माण व्यसायी | सम्झौता रकम | सम्झौता मिति | सम्पन्न गर्नु पर्ने | पटक पटक म्याद थप | कैफियत |
|---|---|---|---|---|---|---|
| प्रशासकिय भवन निर्माण | धुलिखे निर्माण सेवा | उपलबध नभएको | २०७४ | २०८१।३।३० | १ | ९५ प्रतिशत काम सम्पन्न |
| १० शैया अस्पताल | धुलिखे निर्माण सेवा | उपलब्ध नभएको | २०७५ | २०८१।३।३० | १ | ५० प्रतिशत काम सम्पन्न |

३० **बजेटमा व्यवस्था नगरी जनप्रतिनिधी तथा कर्मचारीहरुको अध्ययन भ्रमण** (४१५/2082-03-09):

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली,२०७७ को नियम ३९ (1) मा कार्यालय प्रमुखले सरकारी रकम खर्च गर्दा बजेट तथा कार्यक्रमको सीमाभित्र रही खर्च गर्नुपर्ने व्यवस्था रहेको छ ।पालिकाले कार्यपालिका सदस्य तथा कर्मचारीहरुको अध्ययन भ्रमणको लागि इन्धन खर्च, अतिथि सत्कार खर्च, विविध खर्च, अनुगमन मूल्याङ्कन खर्च र भ्रमण खर्च शिर्षकबाट रु.६,५९,६४६।० खर्च गरेको छ। स्वीकृत नभएको कार्यक्रम तयार गरी खर्च गर्ने पदाधिकारीलाई जिम्मेबार बनाई नियमित गर्नुपर्ने रु.

| | |
|---|---|
| अनियमित भएको | ६,५९,६४६ |

## ३१ आय अनुमान

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ बमोजिम स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिले पालिकामा प्राप्त हुने आन्तरिक आयसमेतको व्यवस्थापन गर्न सक्ने व्यवस्था छ। पालिकाले पेश गरेको आय-व्ययको अनुमानमा आन्तरिक आयतर्फ मालपोत, कर, सेवा शुल्क, दस्तुर वापत अनुमानित रु.२५,००,०००।० प्राप्त हुने प्रक्षेपण गरेकोमा आर्थिक वर्ष २०८१।८२ मा रु.१२,२२,८८०।० अर्थात अनुमान भन्दा ५१.०८ प्रतिशत घटी आय प्राप्त गरेको छ। आम्दानीका अन्य स्रोतको पहिचान गरी आयको अनुमान यर्थाथपरक बनाई आय आर्जन बृद्धि गर्नेतर्फ विशेष ध्यान दिन आवश्यक देखिएको छ।

## ३२ आन्तरिक आय

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ बमोजिम स्रोत अनुमान तथा वजेट सीमा निर्धारण समितिले पालिकामा प्राप्त हुने आन्तरिक आय समेतको व्यवस्थापन गर्न सक्ने व्यवस्था छ। पालिकाले आर्थिक वर्ष २०८१।८२ मा केन्द्रीय अनुदानबाट गरेको खर्चका तुलनामा आन्तरिक आयको स्थिति देहाय बमोजिम छ।

| केन्द्रीय अनुदानबाट खर्च | आन्तरिक आय | आन्तरिक आय प्रतिशत |
|---|---|---|
| २८८०३६१२२ | १२२२८८० | ०.४८ |

उपर्युक्त विवरण अनुसार स्थानीय तहमा प्राप्त केन्द्रीय अनुदानबाट भएको खर्चको तुलनामा आन्तरिक आयको हिस्सा ०.४२ प्रतिशत मात्र रहेको छ। त्यसैले पालिकाको आन्तरिक आय सङ्कलनको दायरालाई फराकिलो पार्दै आन्तरिक आय बृद्धि गर्नेतर्फ ध्यान दिनुपर्ने देखिन्छ।

## ३३ कर तथा शुल्क असुली

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ५५, ५७, ५८ र ५९ मा एकीकृत सम्पत्ति कर र घरजग्गा कर, घरजग्गा वहाल कर, व्यवसाय कर र वहाल विरौटी शुल्क उठाउने व्यवस्था रहेको छ। ती आय शीर्षकमा आय अनुमान र असुली स्थिति निम्नानुसार रहेको देखिन्छ।

| आय शीर्षक | अनुमान | असुली | असुली प्रतिशत |
|---|---|---|---|
| एकीकृत सम्पत्ति कर र घरजग्गा कर | ० | २२५९५ | ० |
| घरजग्गा वहाल कर | ० | ३०००० | ० |
| व्यवसाय कर | ० | ५७५००० | ० |
| वहाल विरौटी शुल्क | ० | ० | ० |

पालिका भित्र रहेका करदाताहरुको अभिलेख व्यवस्थित नरहेको एवं बुझाउन ल्याएको अवस्थामा मात्र कर एवं शुल्क बुझ्ने परिपाटी रहेकोले उल्लिखित असुली यथार्थ मान्न सक्ने अवस्था देखिएन। तसर्थ आफ्नो क्षेत्रभित्र करदाताको अभिलेख अद्यावधिक गरी करको दायारामा ल्याउनु पर्दछ।

## ३४ राजश्व अभिलेख

आर्थिक कार्यविधी तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा २८(१) मा जिम्वेवार व्यक्तीले जिम्मामा आएको नगद सोहि दिन वा भोलीपल्ट बैक दाखिला गर्नु पर्ने व्यवस्था छ। कार्यालयले राजस्वको अभिलेख अध्यावधिक गरी सोको लेखापरीक्षण गराउने जिम्मेवारी कार्यालय प्रमुखको हुने व्यवस्था रहेको छ। पालिकाबाट रसिद ठेलिहरु छपाई गरेर वडा कार्यालयमा पठाउने गरेकोमा सोको पुरा

अभिलेख पालिकामा आएको देखिएन। अघिल्लो आ.व.को बाँकी के कति छन् एकिन गर्न सकिएन। वडा तथा पालिकामा कर्मचारीहरुलाई कति कति नम्वरको रसिद हस्तान्तरण गरेको रसिद नियन्त्रण खाता समेत नराखेको साथै लेखापरीक्षणको क्रममा सो रसिदहरु उपलब्ध नगराएकोले उठ्नु पर्ने दरमा राजश्व उठे नउठेको साथै उठेको राजश्व दाखिला भए नभएको सम्वन्धमा यकिन गर्न सकिएन।। अतः पालिकाले यस सम्वन्धमा यकिन गरी उठ्नबाँकी राजश्व उठाउनु गर्नु पर्दछ।

### ३५ राजश्वको ठेली नवुझएको

आर्थिक कार्यविधी तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा २८(१) मा जिम्वेवार व्यक्तीले जिम्मामा आएको नगद सोहि दिन वा भोलीपल्ट बैक दाखिला गर्नु पर्ने व्यवस्था छ। पालिकाले देहायका वडाहरुले आर्थिक वर्ष २०८१/८२ मा राजश्व संकलन गरेको विवरण र दाखिला भौचर लेखापरीक्षणको समयवधिसम्म पालिकामा पेश गरेको छैन । उक्त वडाबाट संकलन भएको राजस्व सम्बन्धमा पालिकाले छानविन तथा कारबाही गरी दाखिला गर्नुपर्दछ ।

| क्र.स. | वडा नं. | वडा सचिव | प्राप्त राजश्व | कैफीयत |
|---|---|---|---|---|
| १ | १ | कर्ण प्रसाद आचार्य | | राजश्व पालिकामा नबुझाएको साथै ठेलि पनि पालिकामा उपलब्ध नगराएको |
| २ | २ | डिला केसी | ४०६०० | रसिद नं. १९०१ दखी १९०९० सम्म |
| ३ | ३ | चित्र बहादुर ठाडा मगर | ३८३०५ | १ दखी २५ (नगदी रसिद) र ४५१ देखी ४७० (मालपोत रसीद) |
| ४ | ४ | दिल बहादुर बोहोरा | | राजश्व पालिकामा नबुझाएको साथै ठेलि पनि पालिकामा उपलब्ध नगराएको |
| ५ | ५ | किरण ऐडी | | राजश्व पालिकामा नबुझाएको साथै ठेलि पनि पालिकामा उपलब्ध नगराएको |
| ८ | पालिका राजश्व | विष्णुलाल सार्की | | राजश्व पालिकामा नबुझाएको साथै ठेलि पनि पालिकामा उपलब्ध नगराएको |

माथि उल्लेखीत पदाधिकारीहरुले कति राजश्व ठेली बुझीलिएको पालिकाले विवरण उपलब्ध नगराएको साथै कर्मचारीहरुले समेत बुझिलिएको राजश्व ठेली फर्ता तथा राजश्व रकम पालिकामा दाखिला गरेको नपाइएकाले पालिकाले छानविन गरी राजश्व आम्दानी यकिन गर्नु पर्दछ।

### ३६ न्यानो झोला कार्यक्रम

सार्वजनिक खरीद नियमावली , २०६४ को नियम ११ तोकीयको स्फेसिफिकेसन अनुसार खरीद गरी गुणात्मक परीक्षण गर्नुपर्ने व्यवस्था छ। स्वास्थ्य तथा जनसंख्या मन्त्रालयबाट जारी गरेको आर्थिक वर्ष २०८०।८१ मा सशर्त अनुदान तर्फ स्थानीय तहबाट सञ्चालन गरिने कार्यक्रमहरुको मार्गदर्शनमा प्रसुतिका आधारमा अनुमान गरी न्यानो झोलाको लागि पालिकाले सार्वजनिक खरिद ऐन र नियमावली अनुसार तोकिएको स्पेशिफिकेशन अनुसार खरिद गरी सो अनुसार गुणस्तर भए नभएको आधिकारिक तहबाट गुणस्तर परीक्षण गर्नु पर्ने व्यवस्था छ। यस पालिका अन्तर्गतका २ बर्थिङ सेन्टरमा गत वर्षको २ थान र यस वर्ष १९६ थान रु. १,९६,०००।० मा खरिद गरेको छ। यस वर्ष १३७ जना प्रसुति भएको अभिलेखबाट देखिन्छ । पालिकाको भण्डारमा खरिद गरिएका ६१ थान न्यानो झोला रु.६१,०००।० को मौज्दातमा रहेका छन् । खरिद भएका त्यस्ता झोलाहरु तोकिएको स्पेशिफिकेशन अनुसार गुणस्तर भए नभएको आधिकारिक तहबाट परीक्षण गरेको देखिएन। तसर्थ माग र आवश्यकताको वस्तुनिष्ठ आङ्कलन गरी गुणस्तरीय झोला खरिद गर्नुपर्दछ।

### ३७ औषधि खरिद

पालिकाको बिनियोजन ऐन, २०८१ बमोजिम यो बर्ष औषधि खरिदको लागि बिनियोजित बजेटबाट पालिकाकालाई आवश्यक पर्ने औषधिपालिकाबाट खरिद गर्नुपर्ने र तालुक निकायबाट प्राप्त हुने परिमाण यकिन गरी वार्षिक आवश्यकताको परिणाम विवरण तयार गरी पुल सिस्टमको आधारमा आपूर्ति व्यवस्थापन गर्नु पर्दछ। आपूर्ति हुने औषधी वा अन्य सामानमा उत्पादन मिति, म्याद सकिने मिति, ब्याच नं., उत्पादक कम्पनीको नाम र नि:शुल्क वितरणको लागि लगायतका सूचना उल्लेख रहेको हुनुपर्दछ। आपूर्ति भएका औषधिको म्याद सकिने मिति भण्डार दाखिला समयदेखि कम्तीम १८ महिना वाँकी हुनुपर्ने तथा भण्डारमा दाखिला गर्दा समेत उल्लेखित सबै विवरण खुलाउनुपर्दछ। यसवर्ष पालिकाले संघिय ससर्त चालु र गाउँपालिका चालु बजेट उप शिर्षकबाट रु.२५ लाख ५३ हजारको औषधि खरिद गरेको देखिन्छ।आपूर्ति हुने औषधी तथा औषधिजन्य सामाग्रीमा उल्लेखित सूचना पूर्ण रुपमा रहेको छैन भने औषधिको

प्रयोग र मौज्दात समेत यकिन भएन। अत: पालिकाले औषधि खरिद, उपयोग र मौज्दातको अवस्था यकिन गरी औषधि खरिदलाई व्यवस्थित बनाउनुपर्दछ।

### ३८ फोहरमैला व्यवस्थापन

फोहरमैला व्यवस्थापन ऐन, २०६८ अनुसार स्थानीय तहहरुले स्रोतमै फोहरमैलाको वर्गीकरण गर्न लगाई सोही अनुसार सङ्कलन र व्यवस्थापन गर्ने कार्यको शुरुवात गर्न नसकेको कारण फोहरमैला व्यवस्थापनमा जटिलता देखिएको छ । फोहर उत्सर्जन हुने स्रोतमा नै वर्गीकरण गरी कुहिने, नकुहिने, सिसाजन्य, अस्पतालबाट उत्पादित र इ-वेष्ट लगायतका फोहर वर्गीकरण गरी उपयुक्त व्यवस्थापन गरेको देखिएन । फोहरमैलाको उचित व्यवस्थापन गरी पालिकाको पर्यावरणलाई स्वच्छ राख्नुपर्दछ ।

### ३९ पाठयपुस्तक खरिद

शिक्काषा तथा मानवस्रोत विकास केन्द्रको कार्यक्रम कार्यान्वयन कार्यविधि २०८१/८२ को क्रियाकलाप नं २.४.६.२ को वुँदा १ वमोजिम IEMIS मा प्रविष्ट भएको विद्यार्थिको तथ्यांकलाई स्थानीय तह अन्तर्गत सञ्चालित सामुदायिक विद्यालयमा १-१२ सम्मका विद्यार्थीहरुको यथार्थ तथ्याङकसँग सत्यापन गराइ सत्यापन विवरण शिक्षा अधिकृतबाट प्रमाणित गरी सोको आधारमा आवश्यक कागतजात विषयगत पाठयपुस्तकको संङख्या एकिन र वुदाँ (५) मा विद्यालयमा पाठ्यपुस्तकको सङख्याको ७५ प्रतिशत सङ्ख्यालाई मात्र अनुदान दिने एंव शैक्षिक सत्रमा भएको नयाँ भर्नाको विवरण पाठयपुस्तक खरिद वितरणका आधारमा एकिन गरी नपुग हुने रकम मात्र दोस्रो पटक अनुदान दिने व्यवस्था छ। पालिकाले यस वर्ष पाठ्यपुस्तक परिक्षामा सामेल भएको र नतिजालिने विद्यार्थी संख्या पालिकाको आकश्मिक शिर गणना संख्या र नया भर्नाको एकिन नगरी पाठ्य पुस्तकमा रु.१५,४०,०००।० निकासा गर्दा EMIES र सोमा रजिष्टर्ड भएको प्रत्येक कक्षागत विद्यार्थीको कोड नम्वर सहितको विद्यार्थीको नामनामेसी विवरण राखेको पाइएन अतः यसमा सुधार गर्नु पर्दछ।

### ४० छात्रवृत्ति बढी भुक्तानी

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९(५) मा सरकारी रकम खर्च लेख्नु अघि त्यस्तो रकम भुत्तानी दिन आवश्यक विल भरपाई र कागजात संलग्न भए वा नभएको तथा रीत पुगे नपुगेको जाँच गरी भुक्तानी दिनुपर्ने व्यवस्था छ। पालिकाले छात्रवृति निकासा गरेका विद्यालयहरुको नमुना छनौट गरी लेखापरीक्षण गर्दा निम्नानुसारका विद्यालयहरुले पेश गरेको छात्रवृति वितरणको भरपाई बमोजिमको संख्या भन्दा बढी विद्यार्थिको छात्रवृति भुक्तानी भएको देखिएकोले बढी भुक्तानी गरेको रकम सम्बन्धित विद्यालयबाट असुल हुनुपर्ने रु.४०००

| विद्यालयको नाम | भरपाई भन्दा बढी भुक्तानी भएको संख्या | बढी भुक्तानी भएको रकम | कैफियत |
|---|---|---|---|
| छेत्रपाल आधारभुत विद्यालय | २ जना | २००० | IEMIS भन्दा हाजिरिमा बढि भएको |
| कालिका आधारभुत विद्यादय | २ जना | २००० | IEMIS भन्दा हाजिरिमा बढि भएको |
| | जम्मा | ४००० | |

| | |
|---|---|
| असुल गर्नुपर्ने | ४,००० |

### ४१ तलव पेश्की (४४-2081-06-11):

आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली, २०७७ को नियम ४७ बमोजिम कामको लागि कार्यालय प्रमुख र लेखाको काम गर्ने लाई पेश्की दिन नपाउने व्यवस्था छ। पालिकाले निमित्त कार्यालय प्रमुख राजेन्द्र स्याङकुलाई स्थानीय तहका स्वास्थ्य कर्मचारिहरुको तलव शिर्षकबाट रु ४,००,००० तलव पेश्की स्वरुप लिएको पाईयो ।प्रचलित कानुनअनुसार एकैपटक यति धेरै रकम तलव स्वरुप लिने व्यवस्था नभएकाले यस्ता कार्यले कार्यालयको आन्तरिक नियन्त्रण प्रणालिलाई कम्जोर वनाउने देखिन्छ।आगामी समयमा यस्ता कार्यहरु प्रति कार्लयालयहरु नियन्त्रण गर्नुपर्दछ।

### ४२ समानीकरण अनुदानबाट शिक्षकको तलब भत्ता

राष्ट्रिय प्राकृतिक श्रोत तथा वित्त आयोगले जारी गरेको मार्गदर्शनमा संघीय विभाज्य कोषबाट स्थानीय तहमा प्राप्त हुने वित्तीय समानीकरण रकमको उपयोग गर्दा सो रकमबाट वजेट विनियोजन गरी अध्ययन भ्रमण, वैदेशिक भ्रमण र अन्य प्रशासनिक एवं सञ्चालन आदिमा खर्च गर्न नपाईने व्यवस्था छ। साविकको जिल्ला शिक्षा कार्यालयबाट अनुमति प्राप्त गरी सञ्चालनमा रहेका र कुनै पनि दरबन्दी तथा राहत अनुदान कोटा प्राप्त नगरेका विद्यालयलाई शिक्षक व्यवस्थापन गर्ने गरी शैक्षिक सत्र २०८१ का लागि सहयोग अनुदान दिन सकिने व्यवस्था छ । तर पालिकाले स्वीकृत दरबन्दीभित्र नपरेका एवं विद्यालयले गत विगतदेखि नै आन्तरिक स्रोतबाट तलब भत्ता व्यहोरेका शिक्षकलाई वित्तीय समानीकरण अनुदानबाट रु.१ करोड ४० लाख तलब भत्ता भुक्तानी गरेको नियमसम्मत देखिएन । विकास निर्माणको लागि प्राप्त अनुदान रकम सोही बमोजिम विनियोजन गरी खर्च गरिनुपर्दछ

### ४३ दिवा खाजा

शिक्षा तथा मानव स्रोत विकास केन्द्रले प्रकाशन गरेको कार्यक्रम कार्यान्वयन कार्यविधि २०८१।८२ को क्रियाकलाप नं.२.७.११.१ मा शैक्षिक सुचना व्यवस्थापनन प्रणाली (IEMIS) मा प्रविष्टी भएको प्रारम्भिक बालविकास देखि कक्षा ५ सम्मको विद्यार्थी सङ्ख्यालाई आधार मानेर स्थानीय तहले प्रति विद्यार्थी दैनिक रु.२५ का दरले पहिलो त्रैमासिकको बजेट निकासा गर्ने र दोश्रो त्रैमासिक देखि स्थानीय तहले विद्यालयको भौतिक रुपमा कक्षा चलेको दिन खाजा उपलब्ध गराएको विद्यालयको प्रधानाध्यापक र विद्यालय व्यवस्थापन समितिको अध्यक्षबाट विद्यार्थीको प्रमाणित सङ्ख्यात्मक विवरणको आधारमा स्थानीय तहले सङ्ख्या एकिन गरेपछि मात्र थप अनुदान दिनुपर्ने व्यवस्था छ। विद्यालयको आकस्मिक शिर गणना, परिक्षामा सामेली र परिक्षाको नतिजा संख्या एकिन नगरी रु.७६,७३,०००।० दिवा खाजामा निकासा गरेको छ। कार्यविधिमा उल्लेख भए बमोजिम विद्यालय व्यवस्थापन समितिको अध्यक्ष र प्रधानाध्यापनबाट हाजिरी प्रमाणित गरी पेश नभएको साथै स्थानीयतहबाट अनुगमन र निरीक्षण भएको छैन। कार्यक्रम कार्यान्वयन कार्यविधि बमोजिम पालिकाले अनुगमन गरी प्रमाणित हाजिरी अभिलेखका आधारमा मात्र निकासा दिने तर्फ ध्यान दिनुपर्दछ।

### ४४ स्यानिटरी प्याड

स्यानिटरी प्याड (वितरण तथा व्यवस्थापन) कार्यविधि,२०७६ को दफा ४ मा पालिकाले खरिद गरेको स्यानिटरी प्याड गुणस्तरमा कमी नआउने गरी भण्डारण गर्नुपर्ने उल्लेख भएतापनि कार्यविधिले तोकेको गुणस्तरको सामान खरिद भयो भन्न सकिएन। साथै दफा ५ मा स्यानिटरी प्याड त्रैमासिक,चौमासिक वा अर्धवार्षिक रुपमा वितरण गर्न सकिने उल्लेख छ।पालिकाका भित्रका सामुदायिक विद्यालयहरुमा कक्षा ६ भन्दा माथिका छात्रा विद्यार्थीहरु ५४५ जना रहेका छन। पालिकाले घोडाघोडी सर्जि एण्ड अडर सप्लायर्स नेपालगन्जबाट ५२०० थान स्यानिटरी प्याड रु.६,२३,९७३।० (मु.अ.कर समेत) मा खरिद गरेको छ। पालिकाले गत विगतको खपतलाई आधार मानी समयमै उचित परिमाणमा खरिद गर्नुपर्नेमा वर्षान्तमा खरिद गरि मौज्दातमा राखेको देखिन्छ।खरिद गरिएका प्याडहरु भण्डारण गर्दा गुणस्तरमा कमी नआउने गरी सुरक्षित रुपमा राखेको पाइएन।तसर्थ पालिकाले आवश्यकताको पहिचान गरी आवश्यक परिमाणमा मात्र प्याड खरिद गर्नुपर्दछ ।

सेनेटरी प्याड (वितरण तथा व्यवस्थापन) कार्यविधि, २०७६ को अनुसुची १ को बुदा नं.३ मा सेनेटरी प्याडको साइज लम्वाइ, चौडाइ, तथा मोटाइको व्यवस्था गरेको छ। सप्लायर्स बाट सोझै ३ वटा कोटेशन मार्फत खरिद गर्दा मुल्यमात्र उल्लेख गरेको पाइयो। लागत अनुमान तयार नगर्ने, कोटेशनबाट सोझै खरिद गर्दा स्पेसिफिकेशन उल्लेख गर्ने गरेको पाइएन। अतः सेनेटरि प्याड खरिद पुर्व कार्यविधिको व्यवस्थापनको पूर्ण पालना गर्नु पर्दछ।

### ४५ छात्रवृति

शिक्षा तथा मानव स्रोत विकास केन्द्रद्वारा प्रकाशित आर्थिक बर्ष २०८१।८२ को कार्यक्रम कार्यान्वयन पुस्तिकाको क्रियाकलाप नं. ७.२.१.१ मा सार्वजनिक विद्यालयका विद्यार्थीहरुको लागी छात्रवृतीको अनुदान उपलब्ध गराउँदा IEMIS मा प्रविष्ट तथ्याङ्कलाई विद्यार्थीको यथार्थ तथ्याङ्क संग सत्यापन गराई सत्यापित विवरण शिक्षा अधिकृतबाट प्रमाणित गरी सोको आधारमा छात्रवृतिको रकम निकासा गर्नुपर्ने र छात्रवृति वितरणको भरपाइ समेत पेश गर्नुपर्ने उल्लेख छ। पालिकाले यस बर्ष २० विद्यालयलाई छात्रवृति वापत रु. २०,७६,०००।- निकासा गरेकोमा IEMIS मा प्रविष्ट तथ्याङ्कलाई विद्यार्थीको यथार्थ तथ्याङ्कसँग सत्यापन गराएको देखिएन भने IEMIS को तथ्याङ्क र विद्यार्थिको हाजिरी रजिस्टार अनुसारको संख्या फरक परेकोले निकासा भएको छात्रवृति सम्वन्धित विद्यार्थीले उपयोग गरे नगरेको एकिन गर्न सकिएन । पालिकाले यसमा सुधार गर्नुपर्दछ ।

४६ **दिवा खाजा बढी भुक्तानी**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३५(१०) सार्वजनिक निकायले खर्च रकमको भुक्तानी गर्दा विल भरपाई पेश गरी रीत पुगे नपुगेको जाँच गरी भुक्तानी दिनुपर्ने व्यवस्था छ । पालिकाले छात्रवृत्ति निकासा गरेका विलयहरुको नमुना छनौट गरी लेखापरीक्षण गर्दा निम्नानुसारका विद्यालयहरुले पेश गरेको दिवा खाजा वितरणको भरपाइ बमोजिमको संख्या भन्दा बढी विद्यार्थी दिवा खाजा भुक्तानी भएको देखिएकोले बढी भुक्तानी गरेको रकम सम्बन्धित विद्यालयबाट असुल हुनुपर्ने रु.

| क्र.स. | विद्यालयको नाम | भुक्तानी हुनुपर्ने रकम | भुक्तानी भएको रकम | वढि भएको रकम |
|---|---|---|---|---|
| १ | महादेव प्राथामि विद्यालय | १४५००० | १५१००० | ६००० |
| २ | कालिका आधारभुत विद्यालय | २४०५२५ | २५१८७५ | ११३५० |
| | | | जम्मा | १७३५० |

| असुल गर्नुपर्ने | १७,३५० |
|---|---|

४७ **दैनिक भ्रमण भत्ता**

भ्रमण खर्च नियमावली, २०६४ (संशोधन सहित) को नियम ७ को उपनियम (४) मा कार्यालय पुगेको दिनको उपनियम (१) बमोजिम पाउने दैनिक भत्ताको पच्चिस प्रतिशत रकम मात्र भुक्तानी पाउने व्यवस्था छ । कर्मचारीहरुलाई दैनिक भ्रमणमा २५ प्रतिशत दिनुपर्नेमा १०० प्रतिशत दैनिक भत्ता भुक्तानी गरेकोले सम्बन्धित कर्मचारीहरुबाट रकम असुल गर्नुपर्ने रु.

| क्र.स. | कर्मचारीको नाम | भुक्तानी हुनुपर्ने रकम | भुक्तानी भएको रकम | वढि भएको रकम |
|---|---|---|---|---|
| १. | धिरेन्द्र वहादुर सिंह | ५१७२० | ५६००० | ४२८० |

| असुल गर्नुपर्ने | ४,२८० |
|---|---|

४८ **प्रशिक्षक भत्ता**

कर्णाली प्रदेश सामाजिक विकास मन्त्रालयको कार्य सन्चालन निर्देशिका, २०७७ को परिच्छेद ७.१. १५ मा तालिम केन्द्वाहेक अन्य निकायवाट सञ्चालित सवै प्रकारका तालिम वा श्रोत व्यक्ति र प्रशिक्षकले पकरिश्रमिकी कार्यपत्रवापत रु ७०० र कक्षा सञ्चालन वापत प्रति कक्षा रु ६०० भुक्तानी दिन सकिने तर आफ्नै कार्यालयले सञ्चालन गरेको तालिममा सोहि कार्यालयको स्रोत व्यक्ति वा प्रशिक्षक भएको अवस्थामा कार्यपत्रको मात्र पारिश्रमिकी पाउने तर कक्षा सञ्चालनको पारिश्रमिकी नपाउने व्यवस्था छ। तर नमुना परिक्षणका रुपमा पालिकाको श्रेस्ता परीक्षण गर्दा कार्यक्रम तथा पालिकास्तरीय गोष्ठिमा प्रशिक्षण गरेवापत मापदण्ड भन्दा बढी पारिश्रमिक लिएकोले समन्धितबाट असुल हुनुपर्ने रु.

| गो.भौ.नं | भुक्तानी लिनेको नाम | प्रायोजन | सेसन | भुक्तानी हुनुपर्ने | भुक्तानी भएको | वढि भुक्तानी कर कट्टि पछि |
|---|---|---|---|---|---|---|
| १२६/२०८२-०३-११ | तिल प्रसाद न्यौपाने | विपदका समयमा सिकाई निरन्तरता कार्यक्रम | २ | १६०० | ५००० | २६५० |
| | | जम्मा | | | | २६५० |

( ✂ ..... कार्यालयले बेरुजु फस्र्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-११-२७** को निर्णयले रू **७,१२५** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फस्र्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-३०** को निर्णयले रू **२,६५०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| असुल गर्नुपर्ने | २,६५० |
|---|---|

४९ **अनुदानको अनुगमन**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ४० (५) मा लक्ष्य अनुसार काम र लेखापरीक्षण र अनुगमन गरी वार्षिक विवरण तयार गर्ने व्यवस्था छ। सार्वजनिक निकायबाट उपलब्ध गराईएको अनुदानको सही सदुपयोग भए नभएको एकीन गर्न अनुदान उपलब्ध गराउने निकायले समय समयमा अनुगमन गर्नुपर्दछ। तर पालिकाले देहायअनुसार कृषि, पशु, कार्यक्रममा अनुदानमा रु.२२,८४,०००।० खर्च लेखेको छ। तर पालिकाबाट बितरण भएको अनुदानको सहि सदुपयोग भए नभएको सम्बन्धमा अनुगमन तथा सोबाट प्राप्त उपलव्धी मापन गरेको छैन । साथै अनुदान सम्बन्धमा स्थानीय अनुदान नीति तय गरेका छैन। तसर्थ अनुगमनलाई प्रभावकारी वनाई संघ, प्रदेश तथा स्थानीय तहबाट वितरण हुने अनुदानमा दोहोरोपना नहुने गरी अनुदानग्राहीको जीबनस्तरमा सुधार आएको यकिन गरी रकमको पूर्ण सदुपयोग गराउन अनुदानग्राहीको अभिलेख कार्यालयको वेभसाइटमा राखेर अनुदानित उत्पादनले मूल्य सहुलियत दिएको विषय खुलाई अनुदान दिनुपर्दछ । यसका केही उदाहरणहरुः

| क्र सं | कार्यक्रमकोनाम | लाभग्राही | पालिकाको लागत |
|---|---|---|---|
| १ | नयाँ बाख्रा पकेट कारयक्रम | ३३ | १५००००० |
| २ | प्रदेश प्रोबायोटिक तथा घाँस बिउ खरिद तथा वितरण | १५० | १५०००० |
| ३ | विउविजन खरिद तथा वितरण | २०० | २००००० |

५० **भर्पाई बेगर भुक्तानी ।**

५०.१ ( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-१०** को निर्णयले रू **९,५००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-१०** को निर्णयले रू **२४,७६०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| असुल गर्नुपर्ने | ० |

५०.२ आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९ (१०) मा जिम्मेवार व्यक्तिले सरकारी रकमको खर्च लेख्नु अघि त्यस्तो रकम खर्च गर्न वा भुक्तानी दिन आवश्यक बिल, भरपाई र कागजात संलग्न भए वा नभएको तथा संलग्न कागजात अनुसार भुक्तानी दिन रीत पुगे वा नपुगेको जाँच गर्नु पर्ने व्यवस्था छ। भौ.२५-०८१।८।१८ बाट कार्य पालिकाको वैठक भत्ता भुक्तानीमा पालिकाको बैठकमा दस्तखत नभएका शक्ति कार्की रु.१३५०, लिलाराज शर्मा रु.१०२०। र धनरुप कार्की रु.५०० गरी रु.२८७०। बेरुजु खातामा दाखिला गर्नु पर्ने रु.

| | |
|---|---|
| असुल गर्नुपर्ने | २,८७० |

५१ **लागत सहभागिता**

रैथानेबाली प्रवर्द्धन तथा संरक्षण कार्यक्रम कार्यान्वयन कार्यविधि २०७५को अनुसुची-२ मा भएको व्यवस्था अनुसार ८५ प्रतिशत अनुदान र १५ प्रतिशत कृषकको सहभागिता हुने व्यवस्था उल्लेख छ। भौ.५९-०८२।३।१९ बाट नौमुली समुह रैथाने बाली संरक्षण तथा प्रवर्द्धन लागी रु.१,४४,०००।० भुक्तानी भएको छ। लागत अनुमान रु.१६,६३,६४३।० भएको नर्माण कार्य उपभोक्ता समितिले रु.१६,४७,६२३।० को कार्य गरेकोमा १५ प्रतिशत लागत सहभागिता घटाइ रु.१४,००,४८०।० भुक्तानी दिनु पर्नेमा रु.१४,४०,०००।० भुक्तानी दिएको पाइएकाले बढी भुक्तानी रु.३९,५२०।० सम्बन्धित नौमुली समुह रैथाने बाली संरक्षण तथा प्रवर्द्धन उपभोक्ता समितिसँग असुल गरी बेरुजु दाखिला गर्नु पर्ने रु.

| | |
|---|---|
| असुल गर्नुपर्ने | ३९,५२० |

५२ **शिक्षक विद्यार्थी अनुपात**

शिक्षा नियमावली, २०५९ (संशोधनसहित) को नियम ७७ को उपनियम (१) बमोजिम विद्यार्थी शिक्षक अनुपात हिमाली भेगमा १:४०, रहने व्यवस्था छ । पालिकाबाट प्राप्त विवरण अनुसार आर्थिक वर्ष २०८१/०८२ मा केहि विद्यालयहरुको शिक्षक विद्यार्थी अनुपातको अवस्था देहाय बमोजिम रहेको छ ।

| सि.न | विद्यालयको संख्या | शिक्षक सङ्ख्या | विद्यार्थी सङ्ख्या | शिक्षक विद्यार्थी अनुपात |
|---|---|---|---|---|
| १ | १७ | ५१ | २२८९ | १:४५ |

उपरोक्त विवरण अनुसार पालिकामा शिक्षक विद्यार्थी अनुपात अधिकतम ८२ देखि न्युनतम १७ सम्म रहेको देखिन्छ । IEMIS विवरण अनुसार पालिकाको वटा सामुदायिक विद्यालयको औषत शिक्षक विद्यार्थी अनुपात ४५ रहेको देखिन्छ । पालिकाले विद्यालयको भौतिक अनुगमन गरी IEMIS अनुसारको विद्यार्थी विवरणको सत्यापन गरेर आवश्यकता, औचित्य र भुगोलसमेतलाई विचार गरी प्रचलित कानून बमोजिम विद्यालय समायोजन, तल्लो कक्षामा घट्टवा एंव शिक्षक दरबन्दी मिलान तर्फ विशेष ध्यान दिनुपर्दछ ।

५३ **शिक्षक तलब भत्ताबाट अन्य प्रयोजनमा खर्च** (५६३-2082-03-30):

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली,२०७७ को नियम ३९ मा कार्यालय प्रमुखले सरकारी रकम खर्च गर्दा बजेट तथा कार्यक्रमको सीमाभित्र रही खर्च गर्नुपर्ने व्यवस्था रहेको छ। पालिकाले शिक्षा शाखा प्रमुखलाई मितिः२०८१।०६।२९ र मितिः२०८१।०८।३० मा क्रमशः ३०००००० र ४०००००० गरी जम्मा ७०००००० पेश्की दिई सम्बन्धित शिर्षक भन्दा फरक कार्यक्रम संचालन गरी पेश्की फछ्र्योट गरेको छ ।यसरी बजेट तथा कार्यक्रमको परिधि भन्दा बिपरित आगामी आर्थिक बर्षको बजेट तथा कार्यक्रमलाई समेत दायित्व सिर्जना हुने गरी खर्च गर्ने पदाधिकारीलाई जिम्मेबार बनाई नियमित गर्नुपर्ने रु.

| | |
|---|---|
| अनियमित भएको | ७,००,००० |

५४ **खर्चमा मितव्ययिता**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन २०७६ को दफा २४(४) मितव्ययिता कायम गर्नेगरी खर्च गर्नुपर्ने व्यवस्था छ । यो वर्ष कार्यालयबाट देहायको खर्च शिर्षमकमा रु.१ करोड ७८ लाख ७५ हजार खर्च लेखेको छ ।

| सि.न | खर्च शिर्षक | जम्मा खर्च |
|---|---|---|
| १ | इन्धन | ६८२६८४ |
| २ | मर्मत | २८२९१३० |
| ३ | विविध | ६७२८२४२ |
| ४ | कार्यालय सामान | २८९००७७ |
| ५ | सूचना र पत्रपत्रिका | ९१४४१० |
| ६ | सेवा परामर्श | ९९२५०५ |
| ७ | अनुगमन मूल्याकंन | २८३८३०२ |
| | जम्मा | १७८७५३५० |

यस किसिमका खर्चमा नियन्त्रण गरी स्रोत साधनको उपयोगमा पालिकाको ध्यान जानु पर्दछ ।

५५ **भर्पाइ वेगर भुक्तानी**

आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९ (१०) मा जिम्मेवार व्यक्तिले सरकारी रकमको खर्च लेख्नु अघि त्यस्तो रकम खर्च गर्न वा भुक्तानी दिन आवश्यक बिल, भरपाई र कागजात संलग्न भए वा नभएको तथा संलग्न कागजात अनुसार भुक्तानी दिन रीत पुगे वा नपुगेको जाँच गर्नु पर्ने व्यवस्था छ । पालिकाले देहाय बमोजिमको कार्यक्रमको बिल र भरपाईभन्दा बढी भुक्तानी दिएकोले तपशिलका व्यक्ति/सप्लायर्स/सँस्था हरुबाट बढि भुक्तानी भएको रकम रु.३४,७४२।० असुल गर्नुपर्ने रकम रु.

| भौचर नं | भुक्तानी पाउनेको नामथर | भुक्तानी प्रयोजन | भुक्तानी भएको रकम | बिल भरपाईको रकम | असुल गर्नुपर्ने रकम |
|---|---|---|---|---|---|
| १६०-०८२।३।१२ | धनराज ढकाल पेश्की फर्छ्यौट | विल कम पेश जोड जम्मा कमभएको असुल गर्ने | २३२००० | २१७७०० | १४३०० |
| २०३-०८२।३।२३ | सरिज नेटवर्क प्रा लि | न्यानोझोला खरिदमा २०० थान प्रति थान मु.अ.कर समेत रु.९९७.९९ का दरले खरिद गर्दा बढी भुक्तानी | २२०००० | १९९५५८ | २०४४२ |
| | **जम्मा** | | | | **३४७४२** |

| | |
|---|---|
| असुल गर्नुपर्ने | ३४,७४२ |

५६ **बढी भुक्तानी**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९(५) मा सरकारी रकम खर्च लेख्नु अघि त्यस्तो रकम भुत्तानी दिन आवश्यक विल भरपाई र कागजात संलग्न भए वा नभएको तथा रीत पुगे नपुगेको जाँच गरी भुक्तानी दिनुपर्ने व्यवस्था छ। पालिकाले देहायको कारोबारमा बढी रु.१२५२०। भुक्तानी दिएको छ । कानूनमा तोकिए बमोजिम भन्दा बढी भुक्तानी भएको अशुल गर्नुपर्ने रु.

| गो.भौ.नं. | नाम | विवरण | रकम |
|---|---|---|---|
| २३-०८१।६।११ | लिलाराज शर्मा | अनुगमन भत्ता बढी भुक्तानी | २४६० |
| १३६-२०८१।०७।२७ | रचेन्द्र जनरल स्टोर | बढी भुक्तानी भएको | १५०० |
| २१९-२०८१।०९।०३ | विशाल ढकाल | अनुगमन भत्ता बढी भुक्तानी | २०९० |
| ३०६-२०८२।०१।१४ | बलभद्र संज्याल | अनुगमन भत्ता बढी भुक्तानी | ६४७० |
| **जम्मा** | | | १२५२० |

| | |
|---|---|
| असुल गर्नुपर्ने | १२,५२० |

५७ **बढी भुक्तानी**

आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९ (१०) मा जिम्मेवार व्यक्तिले सरकारी रकमको खर्च लेख्नु अघि त्यस्तो रकम खर्च गर्न वा भुक्तानी दिन आवश्यक बिल, भरपाई र कागजात संलग्न भए वा नभएको तथा संलग्न कागजात अनुसार भुक्तानी दिन रीत पुगे वा नपुगेको जाँच गर्नु पर्ने व्यवस्था छ। पालिकाले देहाय बमोजिमको कार्यक्रमको बिल र भरपाईभन्दा बढी भुक्तानी दिएकोले तपसिलका व्यक्ति हरुबाट बढि भुक्तानी भएको रकम असुल गर्नुपर्ने रकम रु.

| गो.भौ.नं/ मिति | भुक्तानी पाउनेको नाम | भुक्तानी प्रयोजन | भुक्तानी भएको रकम | विलभरपाईको रकम | असुल गर्नुपर्ने रकम |
|---|---|---|---|---|---|
| १५७/२०८२-०३-१२ | धनराज ढकाल | प्रजनन रुग्णता | ६७००० | ५६८०० | १०२०० |
| | धनराज ढकाल | पेश्की फर्छौट | २३२००० | १८९७०० | ४२३०० |
| १६१/२०८२-०३-११ | धनराज ढकाल | किशोर किशोरि स्वास्थ्य सेवा कार्यक्रम | ८४००० | ७८००० | ६००० |
| १९१/२०८२-०३-२१ | | स्थानिय तहको रोजगार | १००००० | ९५७२५ | ४२७५ |
| | | जम्मा | | | ६२७७५ |

| असुल गर्नुपर्ने | ६२,७७५ |
|---|---|

५८ **कर कट्टी नभएको**

आयकर ऐन, २०५८ को दफा ८८ र ८९ अनुसारको भुक्तानी गर्दा स्रोतमा कर कट्टी गर्नुपर्ने व्यवस्था छ। पालिकाले देहायको भुक्तानीमा नियमानुसार लाग्ने रु.४२०४५ करकट्टी गर्नुपर्नेमा नगरी भुक्तानी गरेको हुँदा उक्त कर असुल गर्नुपर्ने रु.

| गो.भौ.नं.।मिति | भुक्तानी लिनेको नाम | करको प्रकार | भुक्तानी रकम | करकट्टी गर्नुपर्ने | करकट्टी गरेको | घटि करकट्टी रकम |
|---|---|---|---|---|---|---|
| ४०-०८१।०६।१४ | प्रसिद्ध कर्णाली सप्लायर्स | अग्रिम कर | ५४५७६१ | ७२४५ | ० | ७२४५ |
| १९४-२०८१।०८।२९ | बिर्ख सिँह सुनार | अग्रिम कर | ८०००० | १२०० | ० | १२०० |
| २१३- | सुकदल कार्की | पारिश्रामिक कर | १४०००० | २१००० | ० | २१००० |
| ३०४ | जयरुद्र ढकाल | बहाल कर | | २००० | ० | २००० |
| ३११-२०८२।०१।१५ | विष्णुभक्त जैसी | पारिश्रामिक कर | | १८०० | ० | १८०० |
| ४७५ | धनराज ढकाल | अग्रिम कर | २५०००० | ४०५० | ० | ४०५० |
| ५६९ | विष्णुलाल सार्की | अग्रिम कर | | २२५० | ० | २२५० |
| ५५३-२०८२।०३।२५ | निर्मल कुमारी शाही | बहाल कर | | २५०० | ० | २५०० |
| **जम्मा** | | | | ४२०४५ | | ४२०४५ |

| असुल गर्नुपर्ने | ४२,०४५ |
|---|---|

५९ **फरक शिर्षकबाट भुक्तानी**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली,२०७७ को नियम ३९ मा कार्यालय प्रमुखले सरकारी रकम खर्च गर्दा बजेट तथा कार्यक्रमको सीमाभित्र रही खर्च गर्नुपर्ने व्यवस्था रहेको छ। पालिकाले देहायका कारोबार गर्दा रु.३,४६,१००।० फरक शिर्षकबाट भुक्तानी गरेको छ । यसरी बजेट तथा कानूनमा व्यवस्था भए बिपरित खर्च गर्ने पदाधिकारीलाई जिम्मेबार बनाई नियमित गर्नुपर्ने रु.

| गो.भौ.नं. | भुक्तानी पाउनेको नाम | खर्च भएको शिर्षक | रकम | विवरण |
|---|---|---|---|---|
| १३३-२०८१।०७।२५ | जान दत्त जैसी | गाडी भाडा | ५५००० | घर भाडा शिर्षकबाट भुक्तानी भएको । |
| १८२-२०८१।०८।२९ | जयरुद्र ढकाल | गापा शिक्षकको तलब भत्ता | ९११०० | गापा अध्यक्ष अतिरिक्त क्रियाकलाप कार्यक्रममा खर्च गरिएको । |
| ५६४-२०८२।०३।३० | लिलाराम शर्मा | औषधी तथा औषधी उपकरण खरिद | २००००० | स्वास्थ्यसँग असम्बन्धित सामग्री खरिद गरिएको । |
| **जम्मा** | | | **३४६१००** | |

| अनियमित भएको | ३,४६,१०० |
|---|---|

६० **प्रयोजन नखुलेको भुक्तानी**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९(१०) मा सरकारी रकम खर्च लेख्नु अघि त्यस्तो रकम भुक्तानी दिन आवश्यक विल भरपाई र कागजात संलग्न भए वा नभएको तथा रीत पुगे नपुगेको जाँच गरी भुक्तानी दिनुपर्ने व्यवस्था छ । पालिकाले प्रयोजन नखुलेको देहायको कारोबारमा रु.४,१०,०००।० भुक्तानी गरेको छ।अतः भुक्तानीको प्रयोजन खुलाएर मात्र खर्च गर्नु पर्दछ।

| गो.भौ.नं.।मिति | बिबरण | भुक्तानी पाउने | रकम |
|---|---|---|---|
| १९४-२०८१।०८।२९ | बिबिध खर्च भुक्तानी | बिर्ख सिँह सुनार | ८०००० |
| १८०-२०८१।०८।२६ | बिबिध भैपरी मर्मत सम्भार खर्च | सवारी भाडा | ८०००० |
| १९२-२०८१।०८।२९ | बिबिध खर्च भुक्तानी | जनक होटल एण्ड लज | २००००० |
| ५२- २०८१।९।१४ प्रदेश पुँजीगत | कन्टिन्जेन्सीबाट विल भुक्तानी | सुमेरु होटल, सुर्खेत | ५०००० |
| **जम्मा** | | | **४१००००** |

६१ **अग्रीम कर**

आय कर ऐन, २०५८ को दफा ८९ मा ठेक्का वा करारबापत पचास हजार रुपैँया भन्दा बढी रकम भुक्ताननी दिँदा भुक्तानीको कुल रकममा एक दशमलव पाँच प्रतिशतका दरले कर कट्टी गर्नुपर्ने उल्लेख छ। पालिकाले देहायको भुक्तानीमा उल्लेखित कानुनमा भन्दा कम कर कट्टी गरेको रु.४२८६९। असुल गरी बेरुजु दाखिला गर्ने रु.

| गोश्वारा भौचर नं. | विवरण | जम्मा भुक्तानी | काट्नु पर्ने कर | कट्टी कर | बाँकी कर |
|---|---|---|---|---|---|
| १०७-५२७-३।२४ | महादेव मा वि आवास | १७६०००० | २६४०० | २६४०० | २६४०० |
| २५-०८१।८।१८ | कार्यपालिका बैठक भत्ता भुक्तानी | ७९७०० | ११९५५ | ० | ११९५५ |
| ३९-०८१।६।१४ | कर कम काटेको | १५०००० | २२६४ | ० | २२६४ |
| ३९-०८१।६।१४ | कर नकाटेको | १५०००० | २२५० | ० | २२५० |
| | जम्मा | | | | ४२८६९ |

| असुल गर्नुपर्ने | ४२,८६९ |
|---|---|

६२ **अनुगमन भत्ता भुक्तानी**

कर्णाली प्रदेश स्थानीय तहका पदाधिकारी तथा सदस्यहरुले पाउने सुविधा सम्बन्धी ऐन, २०७७ बमोजिम मासिक रुपमानै अनुगमन भत्ता व्यवस्था गरेको छ । पालिकाले देहायको जनप्रतिनिधीहरुलाई बिभिन्न समयमा दैनिक भ्रमण भत्ता बापत थप रु.७९१४०। रकम भुक्तानी गरेको छ। अनुगमन भत्ता भुक्तानी गरेको अशुल गर्नुपर्ने रु.

| **गो.भौ.नं.** | **नाम** | **पद** | **रकम** | **विवरण** |
|---|---|---|---|---|
| १९०-२०८१।०८।२९ | लालकेश जैसी | गा.पा. अध्यक्ष | ४६५०० | चाखुरे सिमिकोट। दोहोरो सुविधा |
| ५४१-२०८२।०३।२५ | सुरेन्द्र बहादुर थापा | गा.पा.उपाध्यक्ष | ३२६४० | वडा स्तरीय न्यायिक अभिमुखीकरण कार्यक्रम |
| **जम्मा** | | | **७९१४०** | |

| असुल गर्नुपर्ने | ७९,१४० |
|---|---|

६३ **फिल्ड भत्ता** (३५-2081-08-16):

नेपाल सरकार अर्थ मन्त्रालय बजेट तथा कार्यक्रम महाशाखा मितिः २०७१।०५।०२ च.नं ६८ को परिपत्र बमोजिम फिल्डमा घुमेर सेवा दिने कर्मचारीहरुलाई फिल्डको अभिलेख राखी भत्ता दिने व्यवस्था छ ।हुम्ला स्थित ताजाकोट गाउँपालिका सदरमुकामबाट ... टाढा रहेको छ ।सो अनुसार स्थानीय भत्ता प्राप्त गरेको अवस्था छ । पालिकालेले प्राविधिक कर्मचारीको फिल्डभत्ता सम्बन्धी इन्जिनियर सातौ तहको लागि मासिक रु.१६,०००।छैटौ तहको लागि रु.१४,०००।०, पाँचौ तहको रु.१२०००। र चौथो तहको लागि रु.१००००।भुक्तानी दिने निर्णयानुसार यस वर्ष कन्टिन्जेन्सीबाट रु.३०६०००। भुक्तानी गरेको छ ।स्थानीय भत्ता लिएको र घुमीघमी सेवा दिएको अभिलेख नराखी फरक शीर्षकबाट फिल्डभत्ता भुक्तानी दिएको नियमसम्मत देखिएन ।

## ६४ हेभी इक्विपमेण्टको प्रयोग

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ को नियम उपनियम (९) मा उपभोक्ता समिति वा लाभग्राही समुदायबाट सञ्चालित हुने निर्माण कार्यमा सामान्यताः डोजर, एक्साभेटर, लोडर, रोलर, ग्रेडर जस्ता हेभी मेशिनरी प्रयोग गर्न नमिल्ने व्यवस्था छ । पालिका अन्तर्गत सञ्चालित अधिकांश सडक निर्माण तथा स्तरोन्नतिसँग सम्बन्धित योजनाका उपभोक्ता समितिहरुले डोजर, एक्साभेटर लगायतका हेभी मेशिन प्रयोग गर्ने गरेको छ। यसका केही उदाहरणहरु यसप्रकार रहेका छन :

| गोभौनं./मिति | उपभोक्ता समितिको नाम/काम | भुक्तानी रकम | प्रयोग गरेको हेभी उपकरण | हेभी उपकरणमा भएको खर्च |
|---|---|---|---|---|
| ६२-०८२।३। २४ | छप्रेला देखि वडा नं.२ कार्यालय हुँदै रोकायावाडा सडक मर्मत उ.स | ८५९६५९ | डोजर | ८६०००० |

## ६५ जनश्रमदान

६५.१ सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७(४) मा उपभोक्ता समिति वा लाभग्राही समुदायलाई निर्माण कार्यको बिल भुक्तानी दिँदा लागत अनुमानमा रहेको मुल्य अभिबृद्धि कर, ओभरहेड कन्टिन्जेन्सी रकम र जनसहभागिताको अंश कट्टा गरेर मात्र भुक्तानी दिनु पर्ने व्यवस्था छ। जस अनुसार निम्न निर्माण कार्य गर्दा उपभोक्ता समिति मार्फत गराउँदा उपभोक्ता समिति र पालिकाले बेहार्ने अंश उल्लेख गरी सम्झौता भएको देखिन्छ। तर निर्माण कार्य सम्पन्न गर्दा घटी मूल्याङ्कन भएको अवस्थामा अनुपातिक कट्टी गरी भुक्तानी दिनुपर्नेमा बढी भुक्तानी भएको रु.४१५८१३ असुल गर्नु पर्ने रु.

| गोभौनं./मिति | उपभोक्ता समिति र काम | सम्झौता रकम | कार्य सम्पन्न रकम | उपभोक्ताले व्यहोर्ने % | भएको भुक्तानी | हुनु पर्ने भुक्तानी | बढी भुक्तानी |
|---|---|---|---|---|---|---|---|
| ६७-०८२।३।२० | कवाडी बन्जुमाडु नदिमा तटबन्ध निर्माण | १८०९१०५.९३ | १७३९८१० | २०.४० | १४४०००० | १३८४८८८ | ५५११२ |
| ६१-०८२।३।२३ | चन्द्र प्रकाश मा.वि मेसिनरी पर्खाल निर्माण | १६५२४८९ | १६४५६१४ | १२.८५ | १४३६०४५ | १४३४१५२ | १८९२ |
| ७२, १०७-०८३। ३।३२ | मदना मा.वि विद्यालय भवन निर्माण | ७२२२२७६ | ७१३७९५३ | १३.६० | ६५२६००० | ६१६७१९१ | ३५८८०९ |
| | **जम्मा** | | | | | | ४१५८१३ |

| | |
|---|---|
| असुल गर्नुपर्ने | ४,१५,८१३ |

६५.२ सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७(४) मा उपभोक्ता समिति वा लाभग्राही समुदायलाई निर्माण कार्यको बिल भुक्तानी दिँदा लागत अनुमानमा रहेको मुल्य अभिबृद्धि कर, ओभरहेड कन्टिन्जेन्सी रकम र जनसहभागिताको अंश कट्टा गरेर मात्र भुक्तानी दिनु पर्ने व्यवस्था छ। जस अनुसार निम्न निर्माण कार्य गर्दा उपभोक्ता समिति मार्फत गराउँदा उपभोक्ता समिति र पालिकाले बेहार्ने अंश उल्लेख गरी सम्झौता भएको देखिन्छ। तर निर्माण कार्य सम्पन्न गर्दा घटी मूल्याङ्कन भएको अवस्थामा अनुपातिक कट्टी गरी भुक्तानी दिनुपर्नेमा बढी भुक्तानी भएको रु.६,३५,४५०।० असुल गर्नु पर्ने रु.

| भौचर नं. | योजनाको नाम | कार्य भएको | कार्यालयबाट भुक्तानी | सम्झौता अनुसार पालिकाले भुक्तानी गर्नुपर्ने अधिकतम रकम | पालकाबाट भुक्तानी हुनुपर्ने रकम | बढी भुक्तानी भएको |
|---|---|---|---|---|---|---|
| ४४-२०८१। ८।२८ | माथिल्लो भट्याज्युला घेराबार उपभोक्ता समिति | १०८८६५० | ९६०००० | ८६.८५ प्रतिशत | ९४५५२९ | १४४७१ |
| ८४-२०८२। ३।२१ | भित्तेघर गल्लाबाडा देखि धम्के शन्नासम्म पर्यटक पदमार्ग उपभोक्ता समिति | २१४५४०६ | १८७०३६९ | ८५.१८ प्रतिशन | १८४८७१९ | २१६५० |
| ८६-२०८२। ३।२२ | डिलघर्या बागोट्या देखि हिउँ पहिरोसम्म पहिरो नियन्त्र उपभोक्ता समित | ५४४३३३७ | ४७४८४८९ | ८६.७४ प्रतिशत | ४७२१३८९ | २१७०० |
| ८८-२०८२। ३।२३ | गल्लाबाडा गोठेलबाडा देखि पाथेखर्क पर्यटन पदमार्ग उपभोक्ता समिति | ३२५४२७५ | २८३८४३२ | ८६.३२ प्रतिशत | २८०८९९७ | २९४३५ |
| ९५-२०८२। ३।२४ | नुनदिना गुम्च ग्रामिण सडक निर्माण उपभोक्ता समिति वडा नं. ५ | २०२४९१२ | १७६०८३० | ८४.५० प्रतिशत | १७११२९ | ४९७०१ |
| ९६-२०८२। ३।२४ | चन्द्र प्रशकास मावि छात्राबास निर्माण | ५३४६७९२ | ४६६०७२१ | ८६.२९ प्रतिशत | ४६१३८७५ | ४६८४६ |
| १०१-२०८२। ३।२५ | राउते पहिरो देखि घट्टेखोला सम्म सडक निर्माण उपभोक्ता समिति | ५१८५०३२ | ४५१३६६७ | ८६.६३ प्रतिशत | ४४९१५१९ | २२१४८ |
| १०७-२०८२। ३।२५ | शहिद स्मृति भवन निर्माण उपभोक्ता समिति | ३९२७२७३ | ३३६०००० | ८५.२० प्रतिशत | ३३४६३१५ | १३६८५ |
| ६७-२०८२। ३।२० | कवाडी बन्जुमाडु नदीमा तटबन्ध निर्माण | १७३९८१० | १४४०००० | ७९.६० प्रतिशत | १३८४८८८ | ५५११२ |
| ६१-२०८२। ३।२३ | चन्द्र प्रकाश मावि मेशिनरी पर्खाल निर्माण | १६४५६१४ | १४३६०४५ | ८७.१५ | १४३४१५२ | १८९३ |
| ७२, १०७-०८२। ३।३२ | मदना मावि भवन निर्माण | ७१३७९५३ | ६५२६००० | ८६.४० | १६६७१९१ | ३५८८०९ |
| जम्मा | | | | | | ६३५४५० |

| | |
|---|---|
| असुल गर्नुपर्ने | ६,३५,४५० |

६६ **विद्यालय भवन निर्माण**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ मा एक करोड रुपैयाँसम्मको लागत अनुमान भएको निर्माण कार्य वा सो सम्बन्धी सेवा सोही स्थानमा बसोबास गर्ने बासिन्दा र त्यस्तो सेवा उपभोग गर्ने समुदाय मात्र रेहको उपभोक्ता समितिबाट गराउन सक्ने व्यवस्था छ । धर्मोदय माविको भवन निर्माणको लागि रु.१ करोड १५ लाख बजेट विनियोजन भएकोमा एउटै भवनको लागि संघीय सशर्तबाट प्राप्त बजेटबाट भुईतल्लाको लागत अनुमान रु.७१,५८,८३९।० र प्रदेश सरकारबाट प्राप्त रकमबाट पहिलो तल्लाको रु.५५,११,७३६।० समेत रु.१,२६,७०,५७५।० को लागत अनुमान तयार गरी विद्यालयलाई उपभोक्ता समितिबाट कार्य गर्ने गराई रु.१,०७,८७,३६२।० विद्यालयलाई भुक्तानी दिएको छ । कानुनले तोकेको सीमाभन्दा बढीको उपभोक्ता समितिलाई कार्य गराई दिएको भुक्तानी नियमसम्मत देखिएन । यसमा सुधार गर्नुपर्दछ ।

| स्रोत | विनियोजन बजेट | लागत अनुमान | भुक्तानी |
|---|---|---|---|
| संघीय सशर्त | ६५०००००० | ७१५८८३९ | ५९९३०६२ |
| प्रदेश सशर्त | ५०००००० | ५५११७३६ | ४७९४३०० |
| जम्मा भुक्तानी | ११५०००००० | १२६७०५७५ | १०७८७३६२ |

## ६७ राडेपानी खानेपानी आयोजना

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११८(२) मा आधारभूत प्रकृति परिवर्तन, प्राविधिक पुष्ट्याई र कारण बजेट र कार्यक्रम, लागत अनुमानमा पर्ने प्रभावको आधारमा भेरिएशन आदेश प्रमाणित गर्नुपर्ने व्यवस्था छ। पालिकाले राडेपानी खानेपानी आयोजना लागत अनुमान रु.४६,८४,३८८।०(मूल्य अभिवृद्धि कर र पिएस आईटम बाहेक) भएकोमा मिति २०८१।१२।२८ मा रु.४६,३७,५५९(मूल्य अभिवृद्धि कर र पिएस आईटम बाहेक) मा निर्माण व्यवसायी बुमी कन्स्ट्रक्सन एण्ड अर्डर सप्लायर्ससँग २०८२।३।२२ मा कार्य सम्पन्न गर्ने गरी सम्झौता भएको छ । निर्माण व्यवसायीले निर्धारित समयभित्र रु.३४,९०,६८३।० (मूल्य अभिवृद्धि कर र पिएस आईटम बाहेक) कार्य गरी रु.३९०८४७२।० भुक्तानी गरेको छ। तोकिएको समयमा संझौता रकमको ७५.२७ प्रतिशत कार्य गराई पालिकाले कार्य स्वीकार गरेको छ। कानुनले तोकेको भन्दा घटी कार्यमा कार्य स्वीकार गर्नु नियमसम्मत देखिएन।

## ६८ आर्थिक सहायता

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली,२०७७ को नियम ३९ मा कार्यालय प्रमुखले सरकारी रकम खर्च गर्दा बजेट तथा कार्यक्रमको सीमाभित्र रही खर्च गर्नुपर्ने व्यवस्था रहेको छ। पालिकाले आर्थिक सहायता शीर्षकबाट रु.८ लाख खर्च गरेको भएता पनि कन्टेन्जेन्सी शीर्षकबाट समेत आर्थिक सहायता खर्च भुक्तानी भएको छ ।पालिकाले कन्टिजेन्सी रु.50000। बाट समेत रु.850000। खर्च गरेको छ ।आर्थिक सहायता खर्च कार्यालयको वेभसाइटमा नराखेको र सोको वार्षिक प्रतिवेदन तयार गरेको पाइएन । कन्टिजेन्सीबाट आर्थिक सहायता खर्च लेख्न नमिल्ने हुँदा खर्च गर्नेबाट अशुल गर्नुपर्ने रु.

| भौचर नं. | शीर्षक | भुक्तानी पाउने | रकम |
|---|---|---|---|
| २९-२०८१।८।१८ | कन्टिन्जेन्सीबाट | पदमलाल सार्की | १०००० |
| ३६-२०८१।८।१८ | कन्टिन्जेन्सीबाट | ३ जना लाई भुक्तानी | ३०००० |
| ७०-२०८२।३।१६ | कन्टिन्जेन्सीबाट | | १५००० |

| | |
|---|---|
| असुल गर्नुपर्ने | ५०,००० |

## ६९ बढी भुक्तानी (१०२-2082-03-25):

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७(६) मा कामको प्राविधिक मूल्याकंन खर्च प्रमाणित गर्ने कागजातको आधारमा निकासा दिनुपर्ने व्यवस्था छ । पालिकाले छप्रेला देखि नाउली सम्म सडक मर्मत उपभोक्ता समितिलाई वडा नं. २ मा रु.३९८६१४१।० को कार्य गरी रु.३४,७६,४६९।० भुक्तानी गर्दा ग्याविन कार्यमा रु.५५,६३०।० बढी भुक्तानी भएकोले असुल गर्नुपर्ने रु.

| **बास्तविक कार्य** | | | | **भुक्तानी भएको** | | | |
|---|---|---|---|---|---|---|---|
| **कामको विवरण** | **संख्या** | **दर** | **रकम** | **कामको विवरण** | **संख्या** | **रकम** | |
| २*१*१ ग्याविन | २०८ | १२३२१.७ | २५६२९१८ | २*१*१ ग्याविन | २१८ | १२३२१.७ | २६८६१३५ |
| १.५*१*१ ग्याविन | ८३ | ९८७९.१७ | ८१९९७१ | १.५*१*१ ग्याविन | ८० | ९८७९.१७ | ७९०३३४ |
| १*१*१ ग्याविन | ५ | ७५९० | ३७९५० | १*१*१ ग्याविन | ० | ७५९० | ० |
| **जम्मा** | | | **३४२०८३९** | **जम्मा** | | | **३४७६४६९** |
| बढी भुक्तानी | | | | | | | ५५६३० |

| असुल गर्नुपर्ने | ५५,६३० |
|---|---|

७० **लागत सहभागिता**

पालिकाले आयोजना/कार्यक्रम छनौट गर्दा उपभोक्ता समितिको तर्फबाट नगद लागत सहभागिता जुट्ने आयोजनालाई प्राथमिकता दिनुपर्ने, नगद सहभागिता तोकिएको अवस्थामा सहभागिता वापतको रकम सम्बन्धित स्थानीय तहको खातामा दाखिला गरी सो को भौचर प्राप्त भएपछि मात्र उपभोक्ता समितिसँग योजना सम्झौता गर्नुपर्ने गर्नुपर्दछ। तर पालिकाले लागत सहभागिता सहितका लागत अनुमान तयार गरेको देखिएन्। अतः नगद लागत सहभागिता जुट्ने आयोजनालाई प्राथमिकता दिनुपर्दछ।

७१ **बिल बेगर भुक्तानी**

सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२३(१) मा खरिद सम्झौता अनुसार सार्वजनिक निकायले रनिङ बिल वा अन्य कुनै बिल बिजकको भुक्तानी गर्दा प्राविधिक नापजाँच गरी नापी कितावमा उल्लेख भएको वास्तविक कार्यसम्पादनको आधारमा भुक्तानी गर्नुपर्ने व्यवस्था रहेको छ। पालिकामा निर्माणाधिन कार्यालय भवन धुलिखेल निर्माण सेवा मार्फत गराएकोमा निर्माण व्यवसायीलाई रु.५०००००। भुक्तानी भएकोमा नापि किताब तथा ठेक्का विल स्रेस्तासाथ संलग्न नरहेकोले प्रमाण पेश गर्ने अन्यथा सो रकम निर्माण व्यवसायीसँग असुल गर्नु पर्ने रु.

| प्रमाण पेश नगरेको | ५,००,००० |
|---|---|

७२ **अग्रीम कर**

आय कर ऐन, २०५८ को दफा ८९ मा ठेक्का वा करारबापत पचास हजार रुपैँया भन्दा बढी रकम भुक्तानी दिँदा भुक्तानीको कुल रकममा एक दशमलव पाँच प्रतिशतका दरले कर कट्टी गर्नुपर्ने उल्लेख छ। पालिकाले देहायको भुक्तानीमा उल्लेखित कानुनमा भन्दा कम कर कट्टी गरेको रु.४२८६९। असुल गरी बेरुजु दाखिला गर्ने रु.42869

| गोश्वारा भौचर नं. | विवरण | जम्मा भुक्तानी | काट्नु पर्ने कर | कट्टी कर | बाँकी कर |
|---|---|---|---|---|---|
| १०७-५२७-३।२४ | महादेव मा वि आवास | १७६०००० | २६४०० | २६४०० | २६४०० |
| २५-०८१।८।१८ | कार्यपालिका बैठक भत्ता भुक्तानी | ७९७०० | ११९५५ | ० | ११९५५ |
| ३९-०८१।६।१४ | कर कम काटेको | १५०००० | २२६४ | ० | २२६४ |
| ३९-०८१।६।१४ | कर नकाटेको | १५०००० | २२५० | ० | २२५० |
| | जम्मा | | | | ४२८६९ |

| असुल गर्नुपर्ने | ४२,८६९ |
|---|---|

७३ **कन्टिजेन्सी खर्च**

निर्माण कार्यको लागत अनुमान तयार गर्दा सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १०(७) सँग सम्बन्धित व्यवस्था सोही नयमावलीको अनुसूची १ मा तोकिएको छ। उक्त अनुसूचीमा निर्माण कार्यको लागत अनुमान तयार गर्दा वर्क चार्ट स्टाफ खेच २ प्रतिशत र सानातिना अन्य खर्च २ प्रतिशत गरी ४ प्रतिशत कन्टिजेन्सी बापत थप गर्ने व्यवस्था रहेको छ। कार्यालयले कन्टिन्जेन्सी रु.४४,४३,६००।० खर्च गरेकोमा कार्यालय सामान रु.१०००००० ।०, विविध रु.५०००००।०, इन्धन रु.५०००००।०, भ्रमण खर्च रु.१०००००० ।०, फिल्ड भत्ता रु.१००००००।० र सामान खरिदमा रु.४४३६००।० खर्च गरेको छ।

७४ **बढि कन्टिजेन्सी खर्च**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १० को उपनियम ७ (अनुसूची-१) मा वर्क चार्ज स्टार्फ खर्च २ प्रतिशत र सानातिना अन्य खर्च २ प्रतिशत समेत ४ प्रतिशत कन्टिन्जेन्सी खर्च लागत अनुमानमा थप गरी खर्च गर्नसक्ने व्यवस्था छ । पालिकाले देहायबमोजिम कन्टिन्जेन्सी खर्च भन्दा बढि खर्च कानुन सम्मत देखिएन । वढी खर्च गरेको रु.११०००।० प्रदेश संचितकोषमा फिर्ता गर्नुपर्ने रु.

| क्र.सं. | योजनाको नाम | योजनाको लागि भएको खर्च | हुनुपर्ने कन्टिन्जेन्सी रकम | खर्च भएको कन्टिन्जेन्सी रकम | बढी कन्टिन्जेन्सी खर्च |
|---|---|---|---|---|---|
| १ | धर्मोदय मा.वि मेरिनरी पर्खाल निर्माण | १४२९००० | ६०००० | ७१००० | ११००० |

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ११,००० |

७५ **भर्पाइ वेगर भुक्तानी**

आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९ (१०) मा जिम्मेवार व्यक्तिले सरकारी रकमको खर्च लेख्नु अघि त्यस्तो रकम खर्च गर्न वा भुक्तानी दिन आवश्यक बिल, भरपाई र कागजात संलग्न भए वा नभएको तथा संलग्न कागजात अनुसार भुक्तानी दिन रीत पुगे वा नपुगेको जाँच गर्नु पर्ने व्यवस्था छ। निम्नानुसारका योजनाहरुमा हुनु पर्ने भन्दा बढी भुक्तानी भएको रु.७७,८०२।० सम्वन्धितसँग असुल गरी बेरुजु खातामा दाखिला गर्ने रु.

| क्र सं | योजनाको नाम | लागत अनुमान | बढी भुक्तानी भएको क्षेत्र | हुनु पर्ने भुक्तानी | भएको भुक्तानी | बढी भुक्तानी |
|---|---|---|---|---|---|---|
| 1 | ठूला सिम देखि रानागाउँ सम्म नहर | १९५९९८६ | व्यवस्थापन खर्च | ४३५०० | ५३५०० | १०००० |
| २ | नयाँ वस्ती देखी जिरो प्वइन्ट सम्म सडक | २३५५७३१ | योजनामा निर्माण | २३३५१४७ | २३९७४६९ | ६२३२२ |
| ३ | छप्रेला देखि छेत्रपाल स्कुल सम्म सडक स्तरोन्नती | ४५३५९९९ | व्यवस्थापन खर्च | ६७५२० | ७३००० | ५४८० |
| | जम्मा | | | | | ७७८०२ |

| | |
|---|---|
| असुल गर्नुपर्ने | ७७,८०२ |

७६ **मदना खोला भ्याली एकिकृत पर्यटक पूर्वाधार**

७६.१ लागत अनुमान रु.८८,२६,५००।६ (मूल्य अभिवृद्धि करसमेत) भएको योजना बोलपत्र माध्यमको लागि मिति२०८१।९।२३ मा सूचना प्रकाशन भएकोमा ३ वटा निर्माण व्यवसायी दर्ता हुन आएको पाइयो। दर्ता भएका ३ निर्माण व्यवसायी मध्ये २ वटा सारभूत रुपमा प्रभावग्राही रहेको पाइयो। सारभूतरुपमा प्रभावग्राही भएका मध्ये पहिलो कम कबोल गर्ने ध्रुव एलाइन्स ट्रान्सपोट एण्ड कन्ष्ट्रक्सन प्रा.लि को कबोल अंक रु.४७,१९,२१५।० (मूल्य अभिवृद्धि करसमेत) र द्रोस्रो कम कबोल गर्ने डि एण्ड डि निर्माण सेवाको कबोल अंक रु.८५,५९,०५९।० ( मूल्य अभिवृद्धि करसमेत) रहेको छ। धेरै रकम घटेको (४६.५३%) भनि पालिकाले ध्रुव एलाइन्स ट्रान्सपोट एण्ड कन्ष्ट्रक्सन प्रा.लि लाई मिति २०८१।१२।५ मा समयमा काम सम्पन्न गर्न सक्ने नसक्ने सम्वन्धमा स्पष्टिकरण माग गरेकोमा निर्माण व्यवसायीले मिति २०८१।१२।७ मा ठेक्काको वि ओ क्यूमा भूलवस कम दररेट पेश भएको उल्लेख हुन गएकोले उल्लेखित दर रेटमा काम गर्न असमर्थ भएको पत्र पेश गरेको छ। सोहि पत्रको आधारमा निजको धरौटी रु.२,७०,०००।० जफत गरी मिति २०८१।१२।८ मा निर्माण व्यवसायीलाई कालो सूचिमा राख्नका लागि सार्वजनिक खरिद अनुगमन कार्यालयलाई पत्र लेखेको पाइए पनि थप पहल गरेको पाइएन।

सार्वजनिक खरिद नियमावली २०६४ को नियम ६५(२) मा न्यून कबोल अंक उल्लेख गरेको वा उपनियम १ खण्ड ग बमोजिमको अवस्थामा मूल्याङ्कन समितिले त्यस्तो बोलपत्रदातासँग दर विश्लेषण सहितको स्पष्टीकरण माग गर्नु पर्नेछ भन्ने उल्लेख भएकोमा पालिकाले कारण उल्लेख गरेता पनि दर विश्लषणको निर्माण व्यवसायीसँग माग गरेको पाइएन।पालिकाले ठेक्काको विड डकुमेन्ट खोल्दा र मूल्याङ्कनमा फरक सदस्यको समिति प्रयोग गरेको पायो। दोस्रो कम कबोल गर्ने डि एण्ड डि निर्माण सेवासँग रु.८५,५९,०५९.०९ (मूल्यअभिवृद्धि करसमेत) मिति २०८२।३।२२ सम्पन्न गर्ने गरी मिति २०८१।१२।३१ मा संझौता भएको पाइयो। पालिकाले पहिलोसँग काम नगराइ दोस्रो सँग काम गराउँदा पालिकालाई रु.३८,३९,८४४।०९ बढी व्ययभार परेको पाइयो।

भौचर ७९, ८१, ८३-०८२।३।२५ बाट रु.६१,२४,४३०।० भुक्तानी गर्दा अग्रिम कर रु.९८,४४८।०, ३०% मूल्य अभिवृद्धि कर रु.२,४०,०००।० र धरौटी रु.३,७०,०००।० गरी जम्मा रु.७,०८,४४८।० कट्टा गरी सम्वन्धित खातामा दाखिला गर्दा रिजेक्ट भइ पालिका खातामा नै रहेकाले सो रकम सम्वन्धित खातामा दाखिला गर्नु पर्ने रु.

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ७,०८,४४८ |

७६.२ पालिकाले तयार गरेको प्राविधिक रनिङ्ग विल अनुसार रु.७२,७८,६४२।० भुक्तानी भएको छ। सो योजनाको प्राविधिकको मौखिक जानकारी अनुसार निम्नानुसारका काम नभएको पाइएकाले रु.१,१३,७८५।० को कार्य गराएको प्रमाण पेश गर्ने अन्यथा असुल गर्ने रु.

| क्र सं | कामको विवरण | भु.भएको परिमाण | गरेको काम | फरक काम | दर | बढी भुक्तानी |
|---|---|---|---|---|---|---|
| १ | Two coat emulsion weather proof painting | 162.55 | 0 | 162.55 | 700 | 113785 |
| | | जम्मा | | | | 113785 |

योजनामा विमाको लागि रु.५०,०००।० र गुणस्तर परीक्षणको लागि रु.३०,०००।० को व्यवस्था गरेकोमा सो बमोजिम विमा तथा गुणस्तर परिक्षण गराएको पाइएन।

| | |
|---|---|
| प्रमाण पेश नगरेको | १,१३,७८५ |

## ७७ स्थानिय पूर्वाधार सहयोग कार्यक्रम

७७.१ सार्वजनिक खरिद नियमावली,२०६४ को नियम १०(१) मा निर्माण कार्यको लागत अनुमान अनुसुची १ को ढाँचामा तयार गर्नु पर्ने व्यवस्था छ। यस कार्यक्रम योजनाको लागत अनुमान लयार गर्दा सामान खरिद र श्रम, सेफ्टी टुल्स, श्रमिकको ज्याला, व्यवस्थापन खर्च समावेश गरी एकमुष्ट लागत अनुमान तयार गरेको छ। पालिकाले योजना संचालन गर्नका सम्पुर्ण योजनाहरुकालागि आवश्यक सेफ्टी टुल्स खरिद गरि एकमुष्ट भुक्तानी गरेको छ। अन्य निर्माणकार्य र व्यवस्थापन खर्च लगायत योजनाहरु संग सम्वन्धित अन्य खर्चको भुक्तानी अर्को भौचरबाट गरेको छ। प्रत्येक योजनाको एकमुष्ट लागत अनुमान तयार गरेपछि उपभोक्ता समितिमार्फत भएका सम्पुर्ण कार्यको समेत रनिङ्गविल तथा कार्य सम्पन्न पनि एकमुष्ट तयार गर्नु पर्नेमा सामान खरिदको विल उठाएको पाइएन भने अन्यमा पनि उपभोक्ताको श्रमदान तथा लोकल मेटरियल प्रयोग गरि गरेको कामको मात्र विल उठाएको पाइयो। अतः योजनामा भएको सम्पुर्ण खर्च समावेशगरी कार्य सम्पन्न तयार गर्नु पर्दछ।

७७.२ लागत अनुमान रु.२०,९९,९९४।७५ भएको घटमुना देखी घाटसम्म सिँचाइकुलो निर्माण कार्यको सामान खरिद रु.७,५७,००३।० सेफ्टी टुल्स रु.१,७८,८००।० लोकल मेटरियल रु.५,०९,०१०।० श्रमिकमो ज्याला रु.५,४१,६८१।० व्यवस्थापन खर्चमा रु.५३,५००।० समेत रु2039994. को व्यवस्था गरी उपभोक्ता समितिसँग मिति २०८२।२।१० सम्म सम्पन्न गर्ने गरी २०८१।१२।२० मा संझौता भएको पाइयो। भौचर ३८, ४०, ४२ र १३७ मिति २०८२।३।२४ बाट रु.१८,६६,९५५।० को भुक्तानी भएको छ। उपभोक्ता समितिले गरेको कामको प्राविधिक विलबाट श्रमबाट भएको काम, व्यवस्थापन खर्च र सामान खरिद गरी रु.१८,४२,७८५।० को काम भएको पाइयो। भुक्तानी दिएको भन्दा बढी भुक्तानी रु.२४,१७०।० असुल गरी बेरुजु खातामा दाखिला गर्नु पर्ने रु.

| | |
|---|---|
| असुल गर्नुपर्ने | २४,१७० |

## ७८ निर्माण कार्य

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२३ मा सार्वजनिक निकायले निर्माण कार्यको भुक्तानी दिँदा नापी कितावमा उल्लेख भएको बास्तिवक कार्यसम्पादनको आधारमा भुक्तानी दिनुपर्ने व्यवस्था छ। पालिकाले देहायको योजनाहरुमा रु.८३,१३,६६५।० भक्तानी दिएको छ। उक्त भुक्तानीमा नापी किताव तथा कार्यसम्पादन अनुसार कै भक्तानी भएको पाईएता पनि सम्बन्धित प्राविधिकले देहायबमोजिक कार्य बाँकी भएको जानकारी दिएकोले सो सम्बन्धमा पालिकाले एकिन गरिनु पर्दछ ।

| सि.नं. | योजना | कार्य भएको | भुक्तानी रकम | कैफियत |
|---|---|---|---|---|
| १ | खेतदामी देखि सिरुपाटा सम्म सडक स्तरोन्नती ताजाको - ४ | ४४१८६५६ | ३८००००० | २*१*१ को २० थान जाली प्रति जाली रु.११८१८ का दरले जम्मा रु.२३६३६० को कार्य गर्न बाँकी रहेको । |
| २ | राउते पहिरो देखि घट्टेखोला सम्म सडक निर्माणवडा नं.४ | ५१८५०३२ | ४५१३६६५ | २*१*१ को ५० थान जाली प्रति जाली रु.१२०१० का दरले रु.६००५०० को कार्य गर्न बाँकी रहेको । |

७९ **जनप्रशासन माध्यमिक विद्यालय**

लागत अनुमान रु.१,४४,९४,८२७.२७(मु.अ.कर समेत) भएको योजना बोलपत्र माध्यमको लागि मिति २०८१।९।२३ मा सूचना प्रकाशन भएकोमा ३ वटा निर्माण व्यवसायी दर्ता हुन आएको पाइयो।दर्ता भएका ३ निर्माण व्यवसायी मध्य २ वटा सारभूत रुपमा प्रभावग्राहि रहेको पाइयो। सारभूत रुपमा प्रभावग्री भएका मध्य पहिलो कम कबोल गर्ने ध्रुव एलाइन्स ट्रान्सपोट एण्ड कन्ष्ट्रक्सन प्रा.लि को कबोल अंक रु.७४,७२,२१४.९२। (मूल्य अभिवृद्धि कर समेत) र दोस्रो कम कबोल गर्ने डि एण्ड डि निर्माण सेवाको कबोल अंक रु.१,३९,६०,४७१.५२।(मूल्य अभिवृद्धि करसमेत) रहेको छ। धेरै रकम घटेको (४८.४४%) भनि पालिकाले ध्रुव एलाइन्स ट्रान्सपोट एण्ड कन्ष्ट्रक्सन प्रा.लि लाई मिति २०८१।१२।५ मा समयमा काम सम्पन्न गर्न सक्ने नसक्ने सम्वन्धमा स्पष्टीकरण माग गरेकोमा निर्माण व्यवसायीले मिति २०८१।१२।७ मा ठेक्काको वि ओ क्यूमा भूलवस कम दररेट पेश भएको उल्लेख हुन गएकोले उल्लेखित दर रेटमा काम गर्न असमर्थ भएको पत्र पेश गरेको छ। सोहि पत्रको आधारमा निजको धरौट रु.४,५०,०००।० जफत गरी मिति २०८१।१२।८ मा निर्माण व्यवसायीलाई कालो सूचीका लागि सार्वजनिक खरिद अनुगमन कार्यालयलाई पत्र लेखेको पाइयो पाइए पनि थप पहल गरेको पाइएन।

सार्वजनिक खरिद नियमावली, 2064 को नियम ६५(२) मा बोलपत्र दाताले काम सम्पन गर्न नसक्ने गरी न्यून कबोल अंक उल्लेख गरेको, स्पेशिफिकेशन गलत बुझी न्यून कबोल अंक उल्लेख गरेको, न्यून कबोल अंक कबोल गरेको अवस्थामा मूल्याङ्कन समितिले दर विश्लेषण सहितको स्पष्टिकरण माग गर्नुपर्ने व्यवस्था छ । पहिलो कम कबोल गर्नेसँग मूल्याङ्कन समितिले दर बिश्लेषण गरेको पाइएन । पालिकाले ठेक्काको विड डकुमेन्ट खोल्दा र मूल्याङ्कनमा फरक सदस्यको समिति प्रयोग गरेको पाइयो। सार्वजनिक खरिद अनुगमन कार्यालयले सार्वजनिक रुपमा कालोसूचिमा राखेको प्रमाण पेश गरेको पाइएद्घ । दोस्रो कम कबोल गर्ने डि एण्ड डि निर्माण सेवासँग रु.१,३९,६०,४७१।० (मूल्य अभिवृद्धि कर समेत) मिति २०८२।३।२२ सम्पन्न गर्ने गरी मिति २०८१।१२।३१ मा संझौता भएको पाइयो। पालिकाले पहिलोसँग काम नगराइ दोस्रोसँग काम गराउँ पालिकालाई रु.६०,३८,२५६।६ बढी व्ययभार परेको पाइयो।

भौचर ५३, ८३-०८२।३।१७ र ७८-०८२।३।२५ बाट रु.६३,१०,३५४।० भुक्तानी भएको छ। योजनामा विमाको लागि रु.५०,०००।० गुणस्तर परीक्षणको लागि रु.३०,०००।० को व्यवस्था गरेकोमा सो बमोजिम विमा तथा गुणस्थर परिक्षण गराएको पाइएन।

८० **सिलबन्दी दरभाउबाट खरिद**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८४ मा बार्षिक १० लाख देखि २० लाखसम्म खरिद गर्दा सिलबन्दी दरभाउपत्र माग गरी गर्नुपर्ने व्यवस्था छ । पालिकाले स्थानीय पूर्वाधार सहयोग कार्यक्रम संचालनका लागि सेफ्टी टुल्स खरिद गरी भौचर १०-०८२।२।६ बाट रु.१०,९५,४५९।० र भौचर ३६-०८२।३।१७ बाट रु.२,३९,२०९।० गरी रु.१३,३४,६६८।० को सामान सुप्रिम ट्रेड एण्ड सप्लायर्सबाट सोझै खरिद गरेको पाइयो। दश लाख रुपैयाँ भन्दा बढीको सामाग्री खरिद कार्य सिलबन्दी दरभाउपत्रमार्फत गर्नु पर्ने व्यवस्था भएतापनि टुक्रापारी एकै सप्लायर्सबाट खरिद गरेको पाइयो। अतः निर्माण कार्य संचालन गर्न गरिएको खरिद गर्दा नियमावलीको पालना गर्नु पर्दछ।

८१ **प्रधानमन्त्री रोजगारः**

८१.१ प्रधानमन्त्री रोजगार कार्यक्रम संञ्चालन निर्देशिका २०७५ वमोजिम स्थानीयतहमा सूचीकृत बेरोजगार व्यक्तिलाई न्यूनतम रोजगारीको प्रत्याभूत गराउन एवम् सामूदायिक पूर्वाधारहरुको विकास मार्फत नागरिकको जीवनयापनमा सुधार ल्याउने उद्देश्यले

स्थानीयतह भित्र प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालनमा रहेको छ। यस कार्यक्रम अन्तर्गत पालिका अन्तर्गत ५ वडामा ९ योजना सञ्चालन गरी यस वर्ष १०२ जनालाई औसत ८३.५ दिनले ८५१७ दिन रोजगारी उपलव्ध गराई रु.६०,८८,५५०।० श्रमिक ज्याला खर्च गरेको छ। पालिकाका नियमित योजना र प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गतका योजना छनौट गर्दा योजना छनौटको आधार नखुलाएकोले दोहोरो परे नपरेको सम्बन्धमा स्पष्ट हुन सकिएन । योजनामा दोहोरो नहुने गरी योजना छनौट गरी कार्यान्वयन गर्नुपर्दछ । उक्त खर्चवाट लक्षित वर्गमा अल्पकालीन रोजगारी सृजना भए तापनि कामको दीगोपना तथा दीर्घकालीन रोजगारी सिर्जना भएको देखिंदैन । तसर्थ कार्यक्रम सञ्चालन निर्देशिका बमोजिम व्यवस्थित तवरले कार्य सञ्चालन गर्नुपर्दछ।

८१.२ प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालन निर्देशिका, २०७५ दोस्रो संसोधन २०७८।९।३० को बुदा २७ मा श्रमिकको काम वापतको पारिश्रकिक निर्धारण गर्दा नेपाल सरकारले तोकेको न्यूनतम पारिश्रमिक वा स्थानिय तहमा कायम भएको अदक्ष कामदारको ज्याला दरको ८० प्रतिशतले कायम हुने मध्ये जुन बढी हुन्छ सोही दर कायम हुने उल्लेख गरेको छ। प्रधानमन्त्री रोजगार कार्यक्रमको कार्यक्रममा अदक्ष कामदारलाई पालिकाको अदक्ष कामदारको ज्यालाको ८० प्रतिशत रकम उपलब्ध गराएको छ भने आवश्यकता परेको ठाउँमा दक्ष कामदार प्रयोग गरी दक्ष कामदारको दर उपलब्ध गराएको छ। यसरी दक्ष कामदार मार्फत काम गराइ पारिश्रमिक भुक्तानी गर्दा पालिकाको स्रोतबाट पारिश्रमिक भुक्तानी हुनु पर्नेमा पालिकाबाटनै भुक्तानी भयो भनि यकिन गर्न सकिएन अतः विवरण स्पष्ट राख्नु पर्दछ।

८१.३ प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गत संचालित निम्न योजनाहरुमा पि सि सि १:२:४ को प्रयोगमा निम्नअनुसार हुनु पर्ने दर भन्दा बढी दरको प्रयोग हुन गई बढी भुक्तानी भएको रु.७५२८। असुल गरी बेरुजु खातामा दाखिला गर्नु पर्ने रु.

| योजनाको नाम | गरेको काम | प्रयोग हुनु पर्ने दर | प्रयोग भएको दर | फरक दर | काम भएको परिमाण | बढी भुक्तानी |
|---|---|---|---|---|---|---|
| वडा नं.४ देउला गैरा टिमुर र कागती खेती घेराबारा योजना | पि सि सि १:२:४ | १८४२४ | १८८६४ | ४४० | ७.२४ | ३१८५ |
| चङ्कविर देखि जुकेपानी सम्म घेराबार | | १८४२४ | १८८६४ | ४४० | ९.८७ | ४३४३ |
| जम्मा | | | | | | ७५२८ |

| असुल गर्नुपर्ने | ७,५२८ |
|---|---|

८१.४ लागत अनुमान रु.२०४८९५ भएको सृजनसिल बाल विकास शौचालय निर्माण कार्य प्रधानमन्त्री रोजगार कार्यक्रम मार्फत गराइ रु.१६४४५३। श्रमिकको खातामा र रु.१८२०१। उपभोक्ता समितिको खातामा गरी रु.१८२६५४। खर्च भएको छ। योजनाको लागत अनुमानमा रु.४५०० एक कार्यको लागि उल्लेख गरेकोमा सोही कार्यको लागि रु.७१२५। भुक्तानी दिएको पाइयो।अतः लागत अनुमान भन्दा बढी भुक्तानी भएक रु.२६५२। असुल गरी बेरुजु खातामा दाखिला गर्नु पर्ने रु.

| असुल गर्नुपर्ने | २,६५३ |
|---|---|

## ८२ मुख्यमन्त्री रोजगार कार्यक्रम

मुख्यमन्त्री रोजगार कार्यक्रम सञ्चालन कार्यविध, २०७८ बमोजिम कर्णाली प्रदेश बेरोजगार तथा कोभिड-१९ बाट प्रभावित युवालाई स्थानीयस्तरमा रोजगारी सृजना गर्न तथा आय आर्जन कृयाकलाप संचालन गर्न सामुदायिक पूर्वाधार निर्माण कार्यमा संलग्न गराई गरिबी निवारणमा योगदान पुर्याउने उद्देश्यले स्थानीयतह भित्र मुख्यमन्त्री रोजगार कार्यक्रम सञ्चालनमा रहेको छ। यस कार्यक्रम अन्तर्गत पालिका अन्तर्गत ५ वडामा ५ योजना सञ्चालन गरी औषध ८७.४ जनालाई ८०१३.८ दिन रोजगारी उपलव्ध गराई रु.७६,८३,५१०।० श्रमिक ज्याला खर्च तथा रु.१२,९२,२०५।० सामान खरिदमा गरि जम्मा रु.८९,७५,७१५।० खर्च गरेको छ। पालिकाका नियमित योजना र मुख्य मन्त्री रोजगार कार्यक्रम अन्तर्गतका योजना छनौट गर्दा योजना छनौटको आधार नखुलाएकोले दोहोरो परे नपरेको सम्बन्धमा स्पष्ट हुन सकिएन। मुख्यमन्त्री रोजगार कार्यक्रमबाट संचालनमा आएका साना योजनालाई व्यवस्थित र परिमाणमुखी

देखकोलागी पालिकाको वजेट व्यवस्थापन गरी कार्यक्रम संचालन गर्नसक्ने व्यवस्था बमोजिम त्यस तर्फ पनि पालिकाले ध्यान दिनु पर्ने देखिन्छ।

**८३ सामाजिक सुरक्षा**

सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि,२०७७ को परिच्छेद ५ मा सामाजिक सुरक्षा भत्ता वितरण बैङ्कमार्फत गर्नुपर्ने व्यवस्था छ। कार्यविधिको दफा २६ मा कुनै आर्थिक वर्षमा सामाजिक सुरक्षा कार्यक्रमका लागि निकासा भएको रकम सो आर्थिक वर्षमा खर्च नभए सङ्घीय सञ्चित कोषमा फिर्ता गर्नुपर्ने व्यवस्था छ।यस पालिकाले १ बैङ्कमार्फत रु.३९६५८८५१। सामाजिक सुरक्षा भत्ता वितरण गर्दै आएको देखिन्छ।

# अनुसूचीहरू

## अनुसूची - १

## आर्थिक कारोबारको स्थिति

आर्थिक बर्ष: २०८१/८२

कार्यालय र स्थान : ताजाकोट गाउँपालिका, हुम्ला , ताँजाकोट गाउँपालिका , हुम्ला

| पद | नाम | कार्यकाल सुरु मिति | कार्यकाल समाप्त मिति |
|---|---|---|---|
| कार्यालय प्रमुख | राजेन्द्र स्याङ्बु | २०८०-१२-२० | २०८१-१०-०८ |
| कार्यालय प्रमुख | समीक्षा अधिकारी | २०८१-१२-१९ | २०८२-०३-३२ |
| लेखा प्रमुख | बलभद्र सञ्ज्याल | २०८०-६-१८ | २०८२-०३-३२ |

बेरुजु वर्गीकरण:

| असूल गर्नुपर्ने | अनियमित भएको | प्रमाणका कागजात पेश नभएको | जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा पेश्की |
|---|---|---|---|---|---|
| १,७००,७११ | १,७०५,७४६ | १४,४७४,३३३.९६ | ० | ० | ० |
| | | | | **प्रारम्भिक प्रतिवेदनबाट देखिएको बेरुजू रु.** | १७,८८०,७९०.९६ |
| | | | | **प्रारम्भिक प्रतिवेदन उपर फछ्र्यौट गरी संपरीक्षण भएको रकम रु.** | ११,२८३,४५५.९६ |
| | | | | **संपरीक्षणबाट थप भएको बेरुजू रु.** | ० |
| | | | | **लेखापरीक्षण प्रतिवेदनमा कायम बेरुजू रु.** | ६,५९७,३३५ |

स्थानीय तह :

| गत बर्षको जिम्मेवारी | | १०८२०७३९.१२ | |
|---|---|---|---|
| आम्दानी | | खर्च | |
| संघीय सरकारबाट अनुदान | २६४३९९००१.६ | चालु खर्च | २२२७९२२९२ |
| प्रदेश सरकारबाट अनुदान | ८०६७९६४७ | पूँजीगत खर्च | १५६०९०२०९.१ |
| राजश्व बाँडफाँट | ४९२८८८३४.२२ | वित्तीय/अन्य व्यवस्था | २१३३५०९.१५ |
| आन्तरिक आय | १२२२८८०.० | | |
| अन्य आय | ३५९९०९.६७ | | |
| कुल आय | ३९५९५०२७२.४९ | कुल खर्च | ३८१०१६०१०.२५ |
| बाँकी मौज्दात | | २५७५५००१.३६ | |

## अनुसूची - २

## बेरूजु दफा २.१ सँग सम्बन्धित विवरण - अनुसूची - ३

**ताजाकोट गाउँपालिका**
**गाउँ कार्यपालिकाको कार्यालय, हुम्ला**
**कार्यालयको कोड : ८०६६४५०४३००**

म.ले.प.फा.नं.
२७०-०१

**वित्तीय प्रतिवेदन**

आ.व. : २०८१/८२ अवधी : २०८१/०४/०१ - २०८२/०३/३२

प्राप्ति र भुक्तानीको एकिकृत वार्षिक प्रतिवेदन (बजेट र गैरबजेट निकाय)

| क्र.स./आर्थिक सङ्केत | विवरण | टिप्पणी नं | चालु आ.ब.को कारोबार | | | गत आ.ब. को कारोबार | | |
|---|---|---|---|---|---|---|---|---|
| | | | नगद | तेस्रो पक्ष भुक्तानी (सोझै भुक्तानी) | जम्मा | नगद | तेस्रो पक्ष भुक्तानी (सोझै भुक्तानी) | जम्मा |
| | राजस्व, अनुदान र अन्य प्राप्ति | | | | | | | |
| ११००० | कर | | ५,०९,७८,०२९.२२ | ०.०० | ५,०९,७८,०२९.२२ | ४,४७,१८,००३.१७ | ०.०० | ४,४७,१८,००३.१७ |
| १३००० | अनुदान | | २८,८०,३६,१२२.०० | ०.०० | २८,८०,३६,१२२.०० | २१,१३,०३,९१५.०० | ०.०० | २१,१३,०३,९१५.०० |
| १४००० | अन्य राजस्व | | १७,२३,४५१.०३ | ०.०० | १७,२३,४५१.०३ | २,४८,३०६.९१ | ०.०० | २,४८,३०६.९१ |
| १५००० | विविध प्राप्ति | | ४३,०००.०० | ०.०० | ४३,०००.०० | ३,५००.०० | ०.०० | ३,५००.०० |
| क | **कुल जम्मा प्राप्ति** | | ३४,०७,८०,६०२.२५ | | ३४,०७,८०,६०२.२५ | २५,६२,७३,७२५.०८ | | २५,६२,७३,७२५.०८ |
| ३ | चालु | | १८,४८,०१,८०३.०० | ०.०० | १८,४८,०१,८०३.०० | १७,२६,०९,६२७.७९ | ०.०० | १७,२६,०९,६२७.७९ |
| २१००० | पारिश्रमिक / सुविधा | | १२,२४,७५,१७७.०४ | ०.०० | १२,२४,७५,१७७.०४ | १०,१२,६२,१७३.९३ | ०.०० | १०,१२,६२,१७३.९३ |
| २२००० | मालसामान तथा सेवाको उपयोग | | ६,११,२८,६२५.९६ | ०.०० | ६,११,२८,६२५.९६ | ६,७३,२५,६३१.८६ | ०.०० | ६,७३,२५,६३१.८६ |
| २७००० | सामाजिक सुरक्षा | | ११,९८,०००.०० | ०.०० | ११,९८,०००.०० | ३५,७३,२२२.०० | ०.०० | ३५,७३,२२२.०० |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| २८००० | अन्य खर्च | ०.०० | ०.०० | ०.०० | ४,४८,६००.०० | ०.०० | ४,४८,६००.०० |
| ४ | पूंजीगत | १३,८४,११,१७१.४८ | ०.०० | १३,८४,११,१७१.४८ | ८,८३,१२,०८७.२० | ०.०० | ८,८३,१२,०८७.२० |
| ३१११० | भवन तथा संरचना | ३,९०,१२,६१६.०६ | ०.०० | ३,९०,१२,६१६.०६ | २,०९,७९,८०८.०० | ०.०० | २,०९,७९,८०८.०० |
| ३११२० | सवारी साधन, मेशिनरी औजार, फर्निचर्स तथा फिक्चर्स | १,५५,८२,८९०.०० | ०.०० | १,५५,८२,८९०.०० | ३,००,०००.०० | ०.०० | ३,००,०००.०० |
| ३११३० | अन्य पूँजीगत खर्च | १,०७,१२,७८३.०० | ०.०० | १,०७,१२,७८३.०० | ४०,००,०००.०० | ०.०० | ४०,००,०००.०० |
| ३११५० | सार्वजनिक निर्माण | ७,२९,१३,५७९.४२ | ०.०० | ७,२९,१३,५७९.४२ | ५,९४,८४,२७९.२० | ०.०० | ५,९४,८४,२७९.२० |
| ३११६० | निर्मितसरचनाको सुधार खर्च | १,८९,३०३.०० | ०.०० | १,८९,३०३.०० | ४,००,०००.०० | ०.०० | ४,००,०००.०० |
| ३११७० | पूँजीगत सुधार खर्च | ०.०० | ०.०० | ०.०० | ३१,४८,०००.०० | ०.०० | ३१,४८,०००.०० |
| **ख)** | **कुल जम्मा भुक्तानी** | ३२,३२,१२,९७४.४८ | | ३२,३२,१२,९७४.४८ | २६,०९,२१,७१४.९९ | | २६,०९,२१,७१४.९९ |
| **ग)** | **बचत /कमी (ग = क-ख )** | १,७५,६७,६२७.७७ | | १,७५,६७,६२७.७७ | (४६,४७,९८९.९१) | | (४६,४७,९८९.९१) |
| **घ)** | **धरौटी, आकस्मिक कोष लगायतका अन्य कोषको मौज्दातको थप/घट (+/-)** | ६०,२७३.६० | | ६०,२७३.६० | २,२६,१४२.२१ | | २,२६,१४२.२१ |

'2

10/16/2025, 1:21 PM

CS CamScann



# ताजाकोट गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय, हुम्ला
कार्यालयको कोड : ८०६६४५०४३००

म.ले.प.फा.नं.
२७०.०१

### वित्तीय प्रतिवेदन

आ.व. : २०८१/८२ अवधी : २०८१/०४/०१ - २०८२/०३/३२

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| घ.१) | कट्टी रकम भुक्तानी/दाखिला गर्न बाकी | (३४,३७,६२३.००) | | (३४,३७,६२३.००) | (८,८९,७४३.२७) | | (८,८९,७४३.२७) |
| ङ) | यस आ.व.को नगद तथा बैंक मौज्दात (बचत /(कमी)) ( ङ = ग+घ) | १,७६,२७,९०१.३७ | | १,७६,२७,९०१.३७ | (४४,२१,८४७.७०) | | (४४,२१,८४७.७०) |
| च) | गत आ.व.को नगद तथा बैंक मौज्दात | ९०,१६,८०२.३५ | | ९०,१६,८०२.३५ | ८९,५८,५४२.०३ | | ८९,५८,५४२.०३ |
| छ) | विनिमय नाफा/घाटा तथा अन्य समायोजन | | | | | | |
| ज) | आ.व. अन्तको बाँकी नगद तथा बैंक मौज्दात ( ज= ङ+च+छ) | २,६६,४४,७०३.७२ | | २,६६,४४,७०३.७२ | ४५,३६,६९४.३३ | | ४५,३६,६९४.३३ |

| लेखाप्रमुख | कार्यकारी अधिकृत | महालेखापरीक्षकको कार्यालय |
|---|---|---|

पालिकाबाट प्रमाणिकरण मिति :





# सुझाव

स्थानीय तहहरूद्वारा प्रदान गरिने सेवालाई छिटो, सरल, सुलभ र गुणस्तरीय बनाई स्थानीय जनताको जीवनस्तरमा सुधार ल्याउन यस स्थानीय तहले कानुन तथा नीति निर्माण, साधन स्रोतको प्रभावकारी परिचालन, विकास प्रशासन, राजस्व परिचालन, नियमित सेवा प्रवाह, आर्थिक प्रशासन लगायतका विषयमा तपसिल अनुसारका सुधार गर्नुपर्दछः

- वित्तीय हस्तान्तरण र राजस्व बाँडफाँटबाट प्राप्त हुने रकम सम्बन्धित मार्गदर्शनमा तोकिएबमोजिम विनियोजनमा कुशलता, कार्यान्वयनमा दक्षता र अपेक्षित नतिजा प्राप्त हुने गरी बजेट विनियोजन गरी समयमै पारित गर्नुपर्दछ।
- आन्तरिक आयका क्षेत्रहरू पहिचान गरी आन्तरिक आय वृद्धि गर्नुपर्दछ। कार्ययोजना तयार गरी विगतका आय बक्यौता असुल गर्ने व्यवस्था गर्नुपर्दछ।
- नेपालको संविधानको धारा ५९ को उपधारा ७ मा सङ्घ, प्रदेश र स्थानीय तहको बजेट घाटा व्यवस्थापन तथा अन्य वित्तीय अनुशासन सम्बन्धी व्यवस्था संघीय कानुन बमोजिम हुने उल्लेख भएकोमा कतिपय प्रदेश र स्थानीय तहले यस सम्बन्धी कानुन निर्माण गर्दा संघीय कानुनसँग सामाञ्जस्यता कायम नगरेकोले यसमा सुधार हुनुपर्दछ ।
- स्थानीय तहका पदाधिकारी तथा सदस्यहरूको सुविधा सम्बन्धी ऐन अनुसार मात्र पदाधिकारीलाई तोकिएको सुविधा व्यवस्था गर्नुपर्दछ। निर्वाचित हुने पद बाहेक राज्यकोषबाट तलव सुविधा बेहोर्ने गरी नियुक्त हुने सबै पदमा योग्यता र मापदण्ड तोकिनुपर्दछ ।
- स्थानिय सेवा ऐन र नियम अनुसार सङ्गठन तथा व्यवस्थापन सर्वेक्षणको आधारमा सङ्गठन संरचना निर्माण गरी स्थायी पद सिर्जना, पद दर्ता र पदपूर्ति गरी कर्मचारी व्यवस्थापन गर्नुपर्दछ।
- भौगोलिक अवस्था, स्रोतको उपलब्धता, सेवा प्रवाहको अवस्थासमेतका आधारमा कानुन बमोजिम जनशक्ति व्यवस्थापन गर्नुपर्दछ । पदाधिकारी तथा कर्मचारीहरूको क्षमता विकास गरी कार्यसम्पादनमा प्रभावकारिता ल्याउन प्रशिक्षण तथा तालिमको व्यवस्था गर्नुपर्दछ।
- अनुदान दिने विषय, क्षेत्र, वर्ग, समूहबारे कानुनबाट नै स्पष्ट गरी अन्तिम प्रयोगकर्तालाई प्रत्यक्ष फाइदा पुग्ने तथा उत्पादन र उत्पादकत्वमा वृद्धि हुने गरी अनुदान प्रदान गर्नुपर्दछ । अति विपन्न र न्यून आय वर्गलाई सेवामा पहुँच दिन प्रदान गरिने सुविधा सोही वर्गमा पुगेको सुनिश्चित गर्न सो प्राप्त गर्नेको विवरण सार्वजनिकीकरण गर्नुपर्दछ ।
- व्यावसायिक प्रकृतिको संस्थाहरूलाई पुँजीगत अनुदान प्रदान गर्दा लाभग्राहीले प्राप्त गर्ने लाभको सुनिश्चितता हुनुपर्दछ । यस्ता संस्थाहरु विघटन भएमा बाँकी सम्पत्ति लगानीको अनुपातमा फिर्ता हुने सुनिश्चितता हुन पर्दछ। यस्तो निर्माण व्यक्तिगत स्वामित्व रहेको जग्गा वा सम्पत्तिमा गरिनु हुँदैन ।
- एउटै प्रकृतिको काममा समेत लागत अनुमान टुक्र्याई सोझै खरिद गर्ने, पूर्वानुमान गर्न सकिने अवस्थामा पनि लागत अनुमान यथार्थपरक तवरले तयार नगरी भेरिएसनबाट थप कार्य गराउने प्रवृत्तिमा नियन्त्रण गर्नुपर्दछ।
- खरिद सम्झौताको निर्धारित समयमा ठेक्काको काम सम्पन्न गर्नुपर्दछ। म्याद थप कार्यलाई वस्तुनिष्ठ र तथ्यमा आधारित बनाउनुपर्दछ।निर्माण व्यवसायी वा उपभोक्ताबाट भएको निर्माण कार्यको विस्तृत विवरण देखिने गरी तोकिएको ढाँचामा अभिलेख राख्नुपर्दछ।
- स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८(५) बमोजिम स्थानीय तहले सार्वजनिक सेवा प्रवाहलाई पारदर्शी, उत्तरदायी र जवाफदेही बनाउन सार्वजनिक तथा सामाजिक परीक्षण र सार्वजनिक सुनुवाइ गर्नुपर्दछ।
- स्थानीय तहले आन्तरिक आयको परिधिभित्र रही मापदण्डका आधारमा आर्थिक सहायता वितरण गरी प्राप्त गर्नेको नाम सार्वजनिक गर्नुपर्दछ। त्यसैगरी अनुत्पादक र वितरणमुखी कार्यक्रममा गरिने खर्च घटाउनुपर्दछ।
- आधारभूत तथा माध्यमिक तहका विद्यालयहरूमा प्रचलित नियमले तोकेअनुसार शिक्षक विद्यार्थी अनुपातको आधारमा शिक्षक संख्या कायम गरी बढी भएका शिक्षकहरू समायोजन गर्नुपर्दछ।
- एकीकृत शैक्षिक व्यवस्थापन सूचना प्रणालीमा रहेका विद्यार्थी संख्याको आधारमा दिवा खाजा, छात्रवृत्ति, पाठ्यपुस्तक र अन्य अनुदान रकम विद्यालयलाई निकासा दिनुपर्दछ ।
- बजेट तर्जुमा पूर्व नै अनुमान गर्न सकिने शीर्षकमा समेत अर्थ विविध वा अबण्डामा बजेट राख्ने र वर्षान्तमा रकमान्तर गरी खर्च गर्ने परिपाटी नियन्त्रण गर्नुपर्दछ।
- पूर्व तयारीका कार्य सम्पन्न भएका आयोजनामा मात्र बजेट विनियोजन गर्नुपर्दछ। स्रोतको सुनिश्चितताबेगरका कार्यक्रम/आयोजनामा आगामी वर्षको लागि दायित्व सिर्जना गरी भुक्तानी बाँकी राख्ने कार्यमा नियन्त्रण गर्नुपर्दछ।
- कार्यालय तथा अस्पताल भवन, सडक, सिँचाइ, खानेपानी जस्ता आयोजनाहरू कार्यान्वयन गर्दा स्पेसिफिकेशनले तोकेको संख्यामा निर्माण सामग्रीहरूको गुणस्तर परीक्षण गराउनुपर्दछ। साथै रनिङ्ग बिलसाथ गुणस्तर परीक्षण प्रतिवेदन संलग्न गरेर भुक्तानी दिनुपर्दछ।
- उपभोक्ता समितिबाट काम गराउँदा खरिद सम्झौतामा तोकिए बमोजिमको जनसहभागिताको अंश समितिबाट व्यहोर्ने गरी सम्झौता गरेकोमा कतिपय काममा सो अंश व्यहोरेको यकिन नगरी भुक्तानी दिएकोले सम्बन्धित कर्मचारीलाई जवाफदेही बनाउनुपर्दछ ।
- कृषि, पशु, सहकारी संस्था लगायतलाई विभिन्न प्रयोजनमा अनुदान उपलब्ध गराउँदा किसानको सूचीकरण, वर्गीकरण, परिचयपत्रको व्यवस्था गरी तीनै तहको समन्वयमा दोहोरो नपर्ने व्यवस्था गर्दै एकीकृत विद्युतीय अभिलेख राखी वितरण गर्नुपर्दछ। नाफामूलक संस्थालाई अनुदान वितरण गर्नु हुँदैन।
- सहकारी तथा गरिबी सम्बन्धी व्यवस्थापन सूचना प्रणाली (कोपोमिस) तथा विद्यमान सहकारी ऐन तथा नियमको आधारमा सहकारी संस्थाहरूको सुपरिवेक्षण गरी उक्त ऐन नियम अनुसार सञ्चालन भए नभएको सुनिश्चित गर्नुपर्दछ।
- आन्तरिक नियन्त्रण प्रणाली कार्यविधि तयार गरी कार्यसम्पादनलाई मितव्ययी, पारदर्शी र व्यवस्थित गर्नुपर्दछ। अन्तिम लेखापरीक्षण अगावै आन्तरिक लेखापरीक्षण सम्पन्न गरी सोबाट देखिएका बेहोरा जिम्मेवार व्यक्तिले फस्र्योट गर्नुपर्दछ।

- वित्तीय अनुशासन कायम गर्न लेखापरीक्षण प्रतिवेदनको सार्वजनिकीकरण तथा बेरुजु फर्स्यौटको कानुनी व्यवस्था एवं संयन्त्र तय गरिनुपर्दछ । लेखा समितिको कार्यसञ्चालन सम्बन्धी कानुन तर्जुमा गरी सो समितिलाई प्रभावकारी बनाई बेरुजु फर्स्यौट कार्यलाई व्यवस्थित बनाउनुपर्दछ।
- सरकारी पेश्की बाँकी रहेकालाई सार्वजनिक पदमा नियुक्ति नगर्ने तथा निर्वाचित हुने पदको हकमा उम्मेदवार हुन वञ्चित गर्ने एवं म्याद नाघेको पेश्कीको विवरण सार्वजनिक निकायले आर्थिक वर्ष समाप्त भएको ७ दिनभित्र सार्वजनिकीकरण गर्ने कानुनी व्यवस्था हुनुपर्दछ ।
- सार्वजनिक पदमा रहेका व्यक्तिको नाममा असुल गर्नुपर्ने बेरुजु कायम रहेकोमा सो फर्स्यौट नगरुञ्जेल वृत्ति विकासमा रोक्का गर्ने तथा नयाँ नियुक्ति नहुने कानुनी व्यवस्था गर्नुपर्दछ ।
- सार्वजनिक पदमा रहेका व्यक्तिको नाममा बेरुजु कायम भएमा सो व्यक्तिलाई उक्त बेरुजुबारे समयमै जानकारी गराउनुपर्ने र जानकारी नगराउने कर्मचारी उपर विभागीय कारबाही गर्ने कानुनी व्यवस्था गर्नुपर्दछ ।
- जिन्सी सामग्री, यन्त्र उपकरण तथा औजारहरु आवश्यकता र औचित्यका आधारमा खरिद गरी उपयोगको सुनिश्चितता हुनुपर्दछ ।मौज्दातमा रहेका यन्त्र, उपकरण र औजार मर्मत सम्भार गरी उपयोग हुन नसक्ने अवस्था एकीन गरेर मात्र खरिद गर्नुपर्दछ ।
- जुनसुकै तरिकाले प्राप्त गरेको जिन्सी एवं सार्वजनिक सम्पत्तिको अभिलेख अनिवार्य रूपमा सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणाली (पाम्स) मा अभिलेख राख्नुपर्दछ।
- सार्वजनिक खरिद ऐन, २०६३ को दफा २९ अनुसार कार्यालयको जनशक्तिले गर्न नसक्ने कामको लागि मात्र परामर्श सेवा खरिद गरी परामर्शदाता माथिको निर्भरता कम गर्नु पर्दछ । तयार गरिएका विस्तृत आयोजना प्रतिवेदन लगायतका प्रतिवेदनहरू क्रमिक रुपले कार्यान्वयन गर्नुपर्दछ।
- सरकारी डिजिटल सेवाहरूको गुणस्तर, पहुँच र विश्वसनीयता बढाउन सेवा स्तर सम्झौता तथा गोपनीयता सम्झौता अनिवार्य गर्नुपर्दछ। एकै प्रकारको कामको लागि निकायगतरूपमा अलग - अलग सूचना प्रविधि प्रणाली खरिद गर्ने कार्यमा नियन्त्रण हुनुपर्दछ।
- सेवा प्रवाहको प्रभावकारिता लागि नागरिक सचेतना वृद्धि कार्यक्रम गर्नुका साथै नागरिकबाट पृष्ठपोषण प्राप्त गर्ने विधि अवलम्बन गर्नुपर्दछ। समयको उपलव्धता एवं सेवा खरिद गर्ने सामर्थ्य सहितको सेवा प्रवाह तय गरिनुपर्दछ ।
- सेवाग्राही समेतको योगदानमा आधारित रही विभिन्न कोषको स्थापना भएकोमा यस्ता कोषको रकम खर्च गर्दा सेवाग्राहीको हित संरक्षण भएको सुनिश्चितता हुनुपर्दछ ।
- संघ र प्रदेशबाट प्राप्त अनुदानमध्ये खर्च नभई वर्षान्तमा बाँकी रहेको मौज्दात आर्थिक वर्ष समाप्तिपश्चात् समेत फिर्ता हुँदा खर्चमा यथार्थता नदेखिएकोले सोमा सुधार गर्नुपर्दछ ।
- कतिपय कार्यसम्पन्न भइसकेका शीतभण्डारहरू प्राविधिकरुपले अधुरा भई सञ्चालन तथा उपयोग नभएको र निर्माणाधीन तथा निर्माण भइसकेका शीत भण्डारहरू गुणस्तरीय नदेखिएकोले यसमा सुधार गरी सञ्चालन गर्नुपर्दछ। स्थानीय आवश्यकता विश्लेषण गरी दिगो सञ्चालनको सुनिश्चितता गरेर मात्र शीतभण्डारहरू निर्माण गर्नुपर्दछ।
- आन्तरिक लेखापरीक्षण नुहने, भएकोमा प्रतिवेदन नदिने, प्रतिवेदनमा उल्लिखित बेहोरा कार्यान्वयन नहुने, आन्तरिक लेखापरीक्षकलाई फरक जिम्मेवारीमा खटाउने गरेकोले आन्तरिक लेखापरीक्षण प्रभावकारी देखिँदैन। आन्तरिक लेखापरीक्षणलाई प्रभावकारी बनाउनुपर्दछ।
- पालिकामा निर्माणाधीन आधारभूत अस्पताल र कार्यालय भवन समयमै निर्माण सम्पन्न गर्नुपर्दछ । पालिकामा सञ्चालित आधारभूत अस्पतालको कारोबारको लेखाङ्कन तथा प्रतिवेदन सुत्र प्रणाली बमोजिम गरी पालिकाको वित्तीय विवरणमा खुलासा गर्नुपर्दछ।